# गुणस्तरीय शिक्षाका लागि बालमैत्री बिद्यालयमा प्र.अ. को भूमिका

त्रिभुवन विश्व विधालय शिक्षाशास्त्र संकाय

स्नातकोत्तर तह (एम.एड.) दोश्रो बर्षको आंशिक आवश्यक्ता परिपूर्तिका लागि प्रस्तुत्

## शोधपत्र

उद्धव हमाल

कक्षा रोल नं. -१५९

परीक्षा रोल नं. - १३०११९ /०६६

त्रि.वि. दर्ता नं. - १८३५१/८९

शिक्षा योजना तथा व्यवस्थापन विभाग

श्री सु.स.मो.या.ब. क्याम्पस सिरहा

२०७१

**त्रिभुवन विश्व विद्यालय, शिक्षाशास्त्र संकाय**

**शिक्षा योजना तथा व्यवस्थापन विभाग**

**सु.स.मो.या.ब. क्याम्पस सिरहा**

## सिफारिस-पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय अन्तर्गत शिक्षा योजना तथा **व्य**वस्थापन विभाग स्नातकोत्तर तह दोश्रो वर्षको आंशिक आवश्यकता परिपूर्तिका निम्ति एम.एड. द्वितीय वर्षका छात्र उद्धव हमालद्वारा प्रस्तुत् **"गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालयमा प्र.अ.को भूमिका"** विषयक शोधपत्र मेरो पूर्ण निर्देशनमा तयार गरिएको हो र यस कार्यबाट म सन्तुष्ट छु । उहाँले यो शेधपत्र मेरो निर्देशन र सुझाव अनुसार पूरा गर्नुभएकोले मूल्याङ्कनका लागि मूल्याङ्कन समितिमा सिफारिश गर्दछु ।

मिति : २०७१/०५/

...............................

धर्मराज सिंह

आ.प्रा.

शोध निर्देशक

**त्रिभुवन विश्व विद्यालय, शिक्षाशास्त्र संकाय**

**शिक्षा योजना तथा व्यवस्थापन विभाग**

**सु.स.मो.या.ब. क्याम्पस सिरहा**

## स्वीकृति पत्र

सुयनारायण सत्य नारायण मोरबैता यादव बहुमुखी क्याम्पस, शिक्षाशास्त्र संकाय अन्तर्गत शिक्षा योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह एम. एड्. दोश्रो वर्षको आंशिक आवश्यक्ता परिपूर्तिका लागि शोधार्थी उद्धब हमालद्वारा तयार पार्नु भएको **"गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालयमा प्र.ध.को भूमिका"** शीर्षकको शोधपत्र आ.प्रा. श्री धर्मराज सिंहका मूल्याङ्कन समिति समक्ष पेश गर्नुभएकोमा मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

### शोध मूल्याङ्कन समिति

हस्ताक्षर

१ प्रा. श्री चन्देश्वर यादव ...............................
विभागीय प्रमुख

२ आ.प्रा. श्री धर्मराज सिंह. ...............................
शोध-निर्देशक

३ प्रा.डा. प्रदिपचन्द्र गौतम ...............................
बाह्य सुपरिबेक्षक

मिति : २०७१/०७/३०

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय शैक्षिक योजना तथा व्यवस्थापन विभाग एम.एड. दोस्रो वर्षको आंशिक आवश्यकता पूरा गर्न "गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालयमा प्र.अ.को भूमिका" शीर्षकमा यो शोधपत्र तयार पारिएको छ।

विद्यालयको सफलता र असफलताका लागि प्र.अ. लाई अत्यन्त जिम्मेवारका रुपमा लिन सकिन्छ किनकि उनले गरेका निर्णयहरु सिधै कार्यान्वयनमा जाने हुन्छन् । त्यसैले पनि प्र.अ. विद्यालयका हरेक शैक्षिक, प्रशासनिक, व्यवस्थापक गुणस्तरीय शिक्षा, बालमैत्रीपन लगायतका कामहरुका लागि अति निकट रहेका कुरा प्रष्ट हुन्छ । शिक्षा नियमावलीले प्र.अ.को काम, कर्त्तव्य र अधिकारको व्यवस्था पनि गरेको छ। यद्यपिसोही नियमावलीले कही कतै पनि बालमैत्री शब्द उल्लेख गरेको छैन । खासगरी प्राथमिक तहसम्मको विद्यालय बालमैत्री हुनु अत्यन्तै जरुरी छ। बालमैत्री अभ्यास थालिएका सबै कक्षामा शारीरिक दण्ड र गालीगलौज बर्जित गरिएको हुनुपर्छ । कक्षाकोठा रमाइलो, आकर्षक, सफा, व्यवस्थित बसाइँ, फराकिलो लगायत भौतिक पूर्वाधार सम्पन्न बालमैत्री विद्यालयका लागि न्युनत्तम शर्त नै हो । बालमैत्री तह (कक्षा १-३) का शिक्षकहरुलाई उत्प्रेरणा र सहयोग अत्यन्तै जरुरी हुन्छ। खासगरी विद्यालयका प्र.अ., माथिल्लो कक्षाका शिक्षक र व्यवस्थापन पक्षबाट पर्याप्त सहयोग गर्नुपर्ने देखिन्छ। यी र यस्ता कार्यहरुमा प्र.अ. को भूमिका के कस्तो छ ? उनको भूमिका प्रभावकारी भए नभएको समेतलाई लेखाजोखा गर्ने प्रयास यो अनुसन्धानको ध्येय रहेको छ।

यो अनुसन्धानका लागि सिरहा जिल्लाको श्री वस्तीपुर उच्च मा.वि. वस्तीपुर श्रोतकेन्द्रलाई आधारमानी यही श्रोतकेन्द्र अन्तर्गतका बालमैत्री कार्यक्रम लागू भएका दुईवटा विद्यालयका प्र.अ. वि.व्य.स. अध्यक्ष, सोही विद्यालयका शिक्षकहरु छात्रछात्राहरु, अभिभावकहरु र श्रोतव्यक्ति समेतलाई सोधिने प्रश्नावली, अन्तर्वार्ता प्रश्नावली एवं सर्भे फारम तैयार गरी उल्लेखित व्यक्तिहरुसँग भो गरी संकलन गरिएको तथ्याङ्कको आधारमा शोधपत्र तयार गरिएको छ।

यस शोधकार्यलाई अगाडि बढाउनका लागि सिरहा जिल्लाको छनोटकमा परेका सम्बन्धित वस्तीपुर उ.मा.वि. श्रोतकेन्द्र अन्तर्गतका २ वटा सामुदायिक प्रा.वि. र नि.मा.वि. मा सूचना तथा तथ्याङ्क संकलनका क्रममा आफ्नो अतुलनीय समय, जानकारी र सूचा प्रदान गर्नुहुने प्र.अ., वि.व्य.स.अध्यक्ष, अभिभावकहरु, छात्रछात्रा, शिक्षकहरु र श्रोतव्यक्तिलाई हृद्य देखि नै धनयवाद दिन चाहन्छु। यो शोध अधययन कार्यको सुरुदेखि अन्त्यसम्म आफ्नो अमूल्य समयका बाबजुद नियमित निर्देशन र महत्वपूर्ण सुझावहरु प्रदान गर्नुहुने आदरणीय गुरु तथा शोध निर्देशक श्री धर्मराज सिंह, सह-प्राध्यापक श्री चन्देश्वर यादब, क्याम्पस प्रमुख श्री रामहित यादब, आदरणीय गुरुहरु श्री सुरेन्द्र यादब, श्री जितेन्द्र यादबज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछु। यसका साथै यस शोध पत्र लेखन

कार्यलाई सु-सम्पनन गर्नका लागि सहयोग पुऱ्याउनु हुने श्री स.स.मा.या.ब. क्याम्पस सिरहाका सम्पूर्ण प्राध्यापकहरु, श्री योगेन्द्र याबद लगायतका कर्मचारीहरु धन्यवादका पात्र हुनुहुन्छ ।

मेरा हरेक कार्यप्रति सदैव श्रद्धा र प्रेमभावका साथ सहयोग र प्रोत्साहन गर्ने आत्मीय धर्मपत्नी खुश्बु मल्ल हमाल साथै यस शोधपत्र लेखन कार्यमा उचित वातावरण बनाइ सहयोग पुऱ्याउने प्यारी छोरी अदिती हमाल र प्यारो छोरो अनुभव हमाल साथै गरिमा मल्ल र सीमा मल्ल (भतिजी) लाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु । अन्त्यमा यो शोधपत्र लेखन  कार्यलाई मूर्तरुप दिन कम्प्युटर टंकन सहयोग पुऱ्याउने श्री घुरन महतो र श्री अनुज राउत द्वयलाई विशेष धनयवाद दिन चाहन्छु ।

मिति : २०७१/०५/

.............................

उद्धब हमाल

श्री सू.स.मो.या.ब. क्याम्पस

सिरहा

# शोधसार


प्रस्तुत् शोधपत्र सिरहा जिल्लाको श्री बस्तपुर उ.मा.वी. बस्तीपुर श्रोतकेन्द्र अन्तर्गत बालमैत्री कार्यक्रम लागू भएका दुईवटा विदालयहरुको ***"गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालयमा प्र.अ.को भूमिका"*** शीर्षकमा आधारित अभ्ययन हो । यस शोध-पत्रको मूल उद्देश्यका रुपमा गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालय र बालमैत्रीपनलाई व्यवहारमा उतार्न प्र.अ. भूमिकाको अध्ययन गर्ने रहेको छ ।

यो शोधपत्र विश्लेषणात्मक विधिको प्रयोग गरी तयार गरिएको हो । यसका बालमैत्री विद्यालयमा प्र.अ.को भूमिकाको सम्बन्धमा तथ्याङ्क संकल्नका लागि विद्यालयका प्र.अ., वि.व्य.स.का अध्यक्ष, अभिभावक, शिक्षक, छात्रछात्रा, श्रोतव्यक्तिलाई उद्देश्यमूलक छनोट विधि मार्फत लिइएको छ । यो अध्ययनमा गुणात्मक र परिमाणात्मक दुवै विधिको प्रयोग गरिएको छ र प्रश्नावली, अन्तर्वार्ता प्रश्नावली र सर्वेफारमलाई अनुसन्धान साधनको रुपमा प्रयोग गरिएको छ ।

यस अध्यापनका उदेश्यहरु "गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालयमा प्र.अ.को भूमिका पहिल्याउनु" बालमैत्री विद्यालयको गुणस्तरीय शिक्षामा असर पर्ने तत्वहरुको पहिचान गर्नु र बालमैत्री विद्यालयमा देखिएका समस्या समाधानका लागि सम्भाव्य उपायहरुको खोजी गर्नु रहेका छन् ।

गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालयको अनिवार्यतालाई सवै विद्यालयमा लागू गर्ने, बालमैत्री विद्यालयको अवधारण तथा कार्यक्रम शिशु कक्षा देखि कक्षा ५ सम्म अनिवार्य लागू गर्नुपर्ने, शिक्षा नियमावली २०५९ छैठौ संशोधनलाई संशोधन गरी बालमैत्री विद्यालयप्रति प्र.अ. को भूमिकालाई प्र.अ.को काम , कर्त्तव्य र अधिकार भित्र समेट्नु पर्ने, गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप (२०६७) लाई जि.शि.का. मार्फत सबै विद्यालयलाई उपलब्ध गराउनु पर्ने, बालमैत्री विद्यालयका सबै शिक्षकहरु अनिवार्य रुपमा तालिम प्राप्त हुनुपर्ने, प्र.अ.लाई समेत बालमैत्री तालिमको अनिवार्य व्यवस्था गर्नुपर्ने, बालमैत्री विद्यालय र बालकेन्द्रित सिकाइ प्रक्रियाका लागि सरोकार बालाहरुलाई समय-समयमा जानकारी दिने गरी छलफल, गोष्ठी, कार्यशाला र दिवसहरु नियमित रुपमा गर्नुपर्ने, बालबालिकालागि भौतिक रुपमा सुरक्षित, सम्बेगात्मक रुपमा रमाइलो, मनोवैज्ञानिक रुपमा उच्च मनोबल महसुस हुने वातावरण बनाउन प्र.अ.को सक्रिय भूमिका हुनुपर्ने, शिक्षक, विद्यार्थी, समिति, अभिभावक र अन्य सरोकारवालाहरुको आचारसंहिता निर्माण र प्रयोग गर्नुपर्ने, बालबालिकाले खेल्दै सिक्ने, आफै गरेर सिक्ने, दैनिक जीवनका आधारभूत आवश्यकताहरु पहिचान गर्न सक्ने । अवसर दिनुपर्ने, प्र.अ.ले भौतिक पूर्वाधार, खेल सामाग्री, शैक्षिक सामाग्रीहरु लगायतका श्रोत जुटाउन स्थानीय निकाय, विभिन्न संघसंस्था, जि.शि.का. सहयोग लिन वि.व्य.स. र शि.अ. संधको बैठक नियमित गर्नुपर्ने, बालबालिकाहरुको रुचि, आवश्यकता, क्षमता, परिवेश तथा विकासक्रम र विशेषतालाई ध्यानमा राखी क्रियाकलापमा आधारित, सिर्जनात्मक तथा सहभागितामूलक बालकेन्द्रित सिकाइ प्रक्रियाका लागि शिक्षक सधै तत्पर र उत्साहित हुनुपर्ने सुझावहरु अध्ययनका क्रममा प्राप्त भएकोले यस शोधपत्रमार्फत प्रस्तुत् गरिएको छ ।

# विषयसूचि

पेज नं.

| | |
|---|---|
| सिफारिस पत्र | i |
| स्वीकृति पत्र | ii |
| कृतज्ञाता ज्ञापन | iii |
| शोधसार | v |
| विषय सुचि | vi |
| तालिकसूचि | viii |
| संक्षिप्त शब्दावली | ix |

**परिच्छेद : एक**
**परिचय**

| | |
|---|---|
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ६ |
| १.३ अध्ययनको औचित्य | ८ |
| १.४ अध्ययनका उद्देश्यहरु | १० |
| १.५ अनुसन्धानात्मक प्रश्न | १० |
| १.६ अध्ययनको परिसीमा | ११ |

**परिच्छेद : दुई**

**सम्बन्धित साहित्यको पुनरावलोकन तथा अवधारणात्मक खाका**

| | |
|---|---|
| २.१ सम्बन्धित साहितयको पुनरावलोक तथा अवधारणात्मक खाका | १२ |
| २.२ अध्ययनको अवधारणात्मक खाका | १५ |
| २.३ शैक्षिक उपादेयता | १७ |

## परिच्छेद : तीन
## अनुसन्धान विधि


३.१ अनुसन्धान ढाँचा १८
३.२ जनसंख्या र नमुना छनौट विधि १८
३.३ नमुना छनौटका आधार तथा जनसंख्या १९
३.४ तथ्याङ्क श्रोत २०
३.५ तथ्याङ्क संकलन साधन २०
३.६ तथ्याङ्क संकलन प्रक्रिया २१
३.७ तथ्याङ्क विश्लेषण विधि २१


## परिच्छेद : चार
## तथ्याङ्कको विश्लेषण र व्याख्या


४.१ गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालयमा प्र.अ.को भूमिका २२
४.१.२. शिक्षा नियमावलीमा प्र.अ. को काम कर्त्तव्य र अधिकारको व्यवस्था शिक्षा नियमावली २०५९ २४
४.१.३. सरोकारवालाहरुको सहयोगमा विद्यालयको स्व-मुल्याङ्कन विवरणमा प्र.अ.को भूमिका : २६
४.१.४ गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप (२०६७)का सूचकहरुको आधारमा प्रा.वि. वस्तीपुरका सरोकारबालाहरुको सहयोगमा प्र.अ.को भूमिका : २८
४.२ बालमैत्री विद्यालयको गुणस्तरीय शिक्षामा असर पार्ने तत्वहरु : ३०
४.३ बालमैत्री विद्यालयमा देखिएका समस्याहरु ३२
४.३.१. प्र.अ.को भनाइमा बालमैत्री विधालयका समस्याहरु ३२
४.३.२. शिक्षकका अनुसार बालमैत्री विद्यालयका समस्या : ३३
४.३.३ वि.व्य.स. अध्यक्ष तथा अभिभावकको भनाइमा बालमैत्री विद्यालयका समस्या : ३४
४.३.४ लक्षित समूहका भनाइमा बालमैत्री विद्यालय : ३६
४.४ समस्या समाधानका सम्भाव्य उपायहरु : ३९


## परिच्छेद : पाँच
## प्राप्ति, निष्कर्ष र सुझावहरु


५.१ प्राप्ति ४१
५.२ निष्कर्ष : ४३
५.३ सुझावहरु ४५
५.३.१. नीतिगत तह ४५
५.३.२ कार्यान्वयन तह ४६

५.३.३ अनुसन्धान तह ४८

सन्दर्भ सामाग्री

संक्षिप्त शब्दावलीहरु

अनुसूचिहरु
तालिकाहरु

# तलिकासूचि


पेज नं.

तालिका १ : प्र.अ.को शैक्षिक विवरण २३

तालिका २ : जनता नि.मा.वि. घलेटोल बस्तीपुर - ४ सिरहाको वर्तमान अवस्था २६

तालिका ३ : प्रा.वि. बस्तीपुर - ८, सिरहाको अवस्था २८

तालिका ४ : बालमैत्री विद्यालयमा देखिएका मुख्य समस्या पहिचान ३७

# संक्षिप्त शब्दावलीहरु

प्र.अ. = प्रधानाध्यापक

प्रा.वि. = प्राथमिक विद्यालय

नि.मा.वि. = निम्न माध्यमिक विद्यालय

उ.मा.वि. = उच्च माध्यमिक विद्यालय

गा.वि.स. = गाउँ विकास समिति

वि.व्य.स. = विद्यालय व्यवस्थापन समिति

जि.शि.का. = जिल्ला शिक्षा कार्यालय

शिक्षकको पेशागत विकास

आभारभूत प्राथमिक शिक्षा कार्यक्रम

शि.अ.सं. = शिक्षक अभिभावक संघ

TPD = Teacher's professional Development

BPEP = Basic primary Education program

SIP = School Improvement plan

SSRP = School Sector Reform Program

USA= United State of America

# परिच्छेद : एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

प्रत्येक मुलुकको जनताको जीवन स्तरलाई माथि उठाउन साथै उनीहरुका प्रगति, सम्बृद्धि तथा समग्र राष्ट्रको विकासका निम्ति नागरिकहरुमा आत्मबल अभिबृद्धि गर्नुका साथै अनुशासित, योग्य, श्रमशील, कर्मठ, रोजगारमूलक, सक्षम, कर्त्तव्यनिष्ट एवं प्रतिभावन नागरिक तयार गर्ने काम शिक्षाले गर्दछ । शिक्षा भनेको व्यक्तिले आफ्नो वातावरणलाई नियन्त्रण गरी आफ्नो वरिपरिको परिवेश बुझ्नु, आफ्ना सम्भावना वा लक्ष्य र उद्देश्यको खोजी गर्नु, आफ्नो व्यवहारमा परिवर्तन ल्याउनु र त्यस्तो क्षमताको विकास गर्नु नै हो । जसबाट परिष्कृत, सुसंस्कृत र २१ औं शताब्दी सुहाउँदो जनशक्ति तयार हुन सक्छ । शिक्षा देश विकासको पूर्वाधारको रुपमा स्थापित भइसकेको वर्तमान युगमा हाम्रो देशमा पनि राज्यको ठूलो हिस्सा शिक्षा क्षेत्रमा लागि रहेको छ । साथै आ.व. २०७१/७२ कुल बजेटको सबै भन्दा बढी १३% रकम पनि शिक्षा क्षेत्रमा छुट्याइएबाट शिक्षाको महत्व स्पष्ट हुन आउँछ ।

शिक्षाको अधिकार हरेक व्यक्तिको नैसर्गिक अधिकार पनि हो । शिक्षा सबै व्यक्तिको अधिकार हो र यो आधारभूत स्तरमा निःशुल्क पनि हुनु पर्दछ । हाम्रो देश नेपालको शैक्षिक इतिहासलाई केलाउँदा २०११ सालको सरदार रुद्रराज पाण्डेको आयोगले सबैका लागि अनिवार्य शिक्षामा समर्थन गरको देखिन्छ । नेपालको शिक्षाको इतिहासमा प्राचीन गुरुकुल, गुम्बा, पाठशालहरु त्यसपछि संस्कृत पाठशालाहरु त्यसबेलाको सरल समाजको आवश्यक्ता अनुसार विकास भएको हुनुपर्छ । त्यसपछि अंग्रेजी स्कुल र Basic School को नामले जतिपनि स्कुलहरु खुले ती स्कुलहरु भारतमा भएको बेलाबेलाको परिवर्तनको नेपालमा प्रतिविम्ब मात्र थियो भन्नु उपयुक्त न होला । ती शिक्षा प्रणालीहरु देशको आवश्यकक्तालाई राम्ररी निरुपण गरी नअपनाएको, बरु अरुले जस्तो गर्‍यो वा सिकायो सोही अनुसार मात्र अनुशरण गरेको हुनाले यी शिक्षा प्रणालीहरु देशको तत्कालीन आवश्यकतालाई बिल्कुलै छुन नसक्नु अस्वाभिक थिएन । समय सापेक्ष शिक्षा क्षेत्रमा पनि परिवर्तन हुदै आइरहेको र आजको वर्तमान स्थितिसम्म आइपुग्दा पनि शिक्षा क्षेत्रमा समेत धेरै सकारात्मक उथलपुथल भइरहेका छन् ।

नेपाल सरकार शिक्षा विभागबाट "गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप २०६७" ले विद्यालयमा गुणस्तरीय शिक्षाको शिक्षण-सिकाइ सञ्चालनमा महत्वपूर्ण योगदान दिनेछ भनी उल्लेख गरिएको छ । विद्यालयमा शिक्षण-सिकाइमा प्रभावकारिता, समावेशीकरण, लैङ्गिक पक्ष, बालबालिकाको स्वास्थ्य र सुरक्षा, मातृभाषामा पठनपाठन, समुदायको सहभागिता, विद्यालय व्यवस्थापन जस्ता विविध पक्षमा विद्यालयमा हुनुपर्ने वा गरिने कार्यको न्युनतम मापदण्ड र अधिकतम मापदण्डको स्पष्ट उल्लेख बालमैत्री विद्यालयका लागि गरिएको छ ।

शिक्षामा सबैका लागि शिक्षा तथा सहस्राब्दी विकासका लक्ष्य जस्ता क्षेत्रमा नेपालले अन्तर्राष्ट्रिय मञ्चमा अभिव्यक्त गरेको प्रतिबद्धता एवं राष्ट्रको परिवर्तित परिप्रेक्ष्यमा शिक्षामा समसामयिक सुधार गर्न, सर्वसाधरणको पहुँच बढाउन र गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि विभिन्न कार्यक्रमहरु एवं सकारात्मक परिर्वनहरु भइरहेका छन् । ती सबै कार्यक्रमहरुको कार्यान्वित हुने आधारभूमि विद्यालयहरु हुन् । शैक्षिक कार्यक्रमका उद्देश्य र लक्ष्यहरु कक्षाकोठाको शिक्षण-सिकाइद्वारा विधार्थीको ज्ञान, सीप र अभिवृत्तिमा अनुवादित नहुँदासम्म वाञ्छित उपलब्धि हासिल गर्न सकिदैन । यसैले शिक्षा क्षेत्रमा संलग्न राष्ट्रसेवक कर्मचारी, शिक्षक, प्र.अ. अभिभावक तथा विद्यार्थीहरुबाट स्पष्ट रुपमा परिणाम देखिने गरी कार्य गर्नु नितान्त आवश्यक भएको छ । राष्ट्रको गन्तव्य वर्तमानमा बालबालिकालाई दिइने शिक्षामा निर्भर रहने हुँदा शैक्षिक कार्यक्रमहरु विद्यालयलाई केन्द्रिविन्दु बनाई सञ्चालित हुनुपर्दछ । विद्यालयद्वारा प्रदान गरिने कर्याक्रमलाई बालमैत्री वातावरणमा गुणस्तरीय शिक्षा प्रदान गर्नु आजको महत्वपूर्ण कार्य हो ।

सन् १९९० को दशकलाई "सबैका लागि शिक्षा" दशक भनेर चिनिन्छ । अर्थात् सन् १९९० मा बैंकको जम्टियनमा बसेको अन्तर्राष्ट्रिय शैक्षिक सम्मेलनले विकासोन्मुख र अविकसित मुलुकहरुलाई लक्षित गरी सन् २००० सम्ममा विद्यालय जाने उमेर पुगेका सबै बालबालिकालाई विद्यालय पठाउने (शिक्षा दिने) भनी "सबैका लागि शिक्षा" भन्ने नारा तय गर्‍यो । यो कार्यक्रम सन् २००० सम्ममा पूरा नभएपछि सन् २००० मा डाकार भन्ने ठाउँमा बसेको डाकार सम्मेलनले सबैका लागि शिक्षालाई गुणात्मक विकास गर्ने भनी "Quality Education" को नारा तय गरी सन् २०१५ सम्ममा सबैका लागि गुणात्मक शिक्षाको प्रतिबद्धता जाहेर गरेको छ । *(शर्मा, चिरञ्जीवी र निर्माला (शर्मा एण्ड शर्मा)*

अन्तर्राष्ट्रिय स्तरमा भए गरेका सन्धि, सम्झौता, घोषणाले समेत बालबालिकालाई पनि छुट्टै सरोकार क्षेत्रको रुपमा प्रस्तुत गरेको छ । सन् १९९० मा थाइलैण्डको जम्टियनमा भएको सबैका लागि शिक्षा सम्बन्धी विश्व सम्मेलनका सिफारिशहरुमा नेपालले पनि प्रतिबद्धता जनाएको छ । यसै समयमा भएको बालबालिका सम्बन्धी विश्व शिखर सम्मेलनको घोषणा पत्रलाई नेपालले अनुमोदन गरी यसै अनुरुप आफ्नो राष्ट्रिय कार्ययोजना तयार गरेको थियो । जनु कार्ययोजना अनुसार प्राथमिक तहमा पढ्ने उमेरका ६४ प्रतिशत बाल-बालिका मात्र विद्यालयमा भर्ना हुने गरेकोमा २०५७ सम्म त्यसलाई सत प्रतिशत पुऱ्याउने र त्यसमा पनि ३१ प्रतिशत मात्र बालिकाहरु भर्ना हुने गरेकोमा त्यसलाई सत प्रतिशत पुऱ्याउने लक्ष्य राखेको थियो एकातिर विद्यार्थीहरु विभिन्न कठिनाइहरु भौगोलिक, आर्थिक, चेतनाको कमीले गर्दा शिक्षामा पहुँच हुन नसकिरहेको पीडादायक अवस्था छ भने अर्कोतिर गुणस्तरीयता, बालमैत्री शिक्षण सिकाइको सर्बथा अभाव देखिन्छ । कलिला बालबालिकाहरुलाई दण्ड सजायबाट मुक्त गरी शान्त, मनोरञ्जनात्मक, स्वरुचिपूर्ण पठन-पाठन मातृभाषा, खेल र रमाइलो बातावरणमा बालमैत्री शिक्षण-सिकाइ गर्नु आजको, समयको माग हो । विद्यालयको स्वरुपलाई बालमैत्री विद्यालयमा रुपान्तरण गर्न आवश्यक भौतिक तथा शैक्षिक सामाग्रीहरुको पूर्ण पर्याप्तता अर्को आवश्यक पक्ष हो । यसका लागि सरकारको एक्लो प्रयासबाट मात्र त्यस्तो गहन लक्ष्य प्राप्त गर्न नसकिने भएकोले विश्वव्यापी मान्यतालाई आत्मसात गर्दै उक्त लक्ष्य प्राप्तिका लागि सरकारी पहलसँगै निजी तथा राष्ट्रिय, अन्तर्राष्ट्रिय गैर-सरकारी संघ-संस्थाहरुको भूमिकालाई स्वीकार्नु पर्दछ ।

नेपालमा बुहदलीय प्रजातन्त्रको स्थापना पश्चात आवधिक योजनाहरुमा वास्तविक रुपमा आठौं योजनादेखि विकासका निजी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको भूमिकालाई स्वीकार्ने काम भयो । त्यसै अनुरुप शिक्षाको विकासको निम्ति सरकारको भूमिका उत्प्रेरक र प्रवर्धक रहेको अवस्थामा त्यस्ता गैरसरकारी संघ संस्थाहरुको संख्या द्रुत गतिमा बढेको छ । गैरसरकारी संस्थाहरु विशेषत : बालशिक्षा, बालमैत्री शिक्षा, बालअधिकार, महिलाहरुको शैक्षिक स्थितिमा सुधार, आर्थिक सम्बृद्धि, मानवअधिकार प्रबर्द्धन, घरेलु हिँसा नियान्त्रण , चेलीबेटी बेचविखन नियन्त्रण, शिक्षा, स्वास्थ्य, खानेपानी, स्वच्छ वातारण कायम गर्ने कार्य र यस सम्बन्धित अध्ययन अनुसन्धान कार्यमा पनि सक्रिय भएको पाइन्छ । समय समयमा सम्बिन्धत निकायलाई दबाब दिने जस्ता कार्यमा पनि गैर सरकारी संस्थाको सक्रियतामा बालमैत्री विद्यालयको स्थापना, परम्परागत एवम् अव्यवस्थित रुपमा संचालित विद्यालयलाई विभिन्न भौतिक तथा शैक्षिक सामाग्रीहरु प्रदान गर्ने तथा बालमैत्री विद्यालयका शिक्षकहरुलाई तालिम र शिक्षण सीपहरु प्रदान गर्ने लगायत अन्य विभिन्न रचनात्मक

पहलहरु पनि गरिरहेका छन् । विभिनन समस्या, डर त्रास र चेतनाका कमीले विद्यालय जानुपर्ने उमेर भएका तर विभिन्न कारणले गर्दा विद्यालय शिक्षाबाट बञ्चित बालबालिकाहरुका लागि सो को कारण पहल्यिाई, विभिन्न शैक्षिक सहुलियत तथा छात्रवृत्ति कार्यक्रम सञ्चालन, बालमैत्री पठनपाठन संचालन गरेर बालबालिकाहरुको विद्यालय तहको शिक्षालाई निरन्तरता दिने कार्यमा पनि कतिपय गैर सरकारी संघसंस्थाहरु संचालित छन् ।

शिक्षा पाउनु बालबालिकाहरुको मौलिक अधिकार हो । गुणस्तरीय शिक्षाको अवसर र पहुँच सुनिश्चित गर्नु राज्यको कर्त्तव्य हो । यस्तै युगीन आवश्यक्ताहरुलाई परिपूर्ति गर्ने गरी शैक्षिक गतिविधिहरु संचालन गर्नु शिक्षाकर्मीको भूमिका हो । यही सन्दर्भसँग जोड्दा सिक्ने, सिकाउने र सिकिने विषयवस्तु एक अर्काका परिपुरक हुन् । परम्परागत सिकाइ शैलीमा शिक्षककेन्द्रित अर्थात सिकाउने विधि र तरिका प्रधान हुन्छ । यसले सिक्ने भन्दा सिकाउनेलाई, सिकिने विषयवस्तुभन्दा सिकाइने विषयवस्तु जो अभ्यस्त छ, उसैलाई व्यस्त गर्न सक्छ । यसमा अवसर, चुनौती र अभ्यासको कमीले सिक्नेले हासिल गर्नुपर्ने उपलब्धि न्यून हुन जान्छ । यस्तै सिक्नेको रुचि, क्षमता, स्तर, आवश्यक्ता र परिवेशलाई सम्बोधन गर्न कठिन हुन्छ । सिक्नुपर्नेले अपेक्षित सिकाइ नर्ग नसकेपछि युगले बालकेन्द्रित अर्थात सिक्ने केन्द्रित विधिलाई ल्याइदियो । यसमा सिकाउने गौण हुन्छ र सिक्ने प्रधान हुन्छ । सिकिने विषयवस्तु उनीहरुको रुचि, क्षमता, स्तर, आवश्यक्ता र परिवेश सुहाउँदो क्रियाकलापमुखी हुन्छ । सिकाइ क्रियाकलापमा सबैको सहभागिता सुनिश्चित हुन्छ । यही परिप्रेक्ष्यमा शिक्षकको भूमिका सहजकर्ता, विद्यार्थीसँगै सिक्ने, विद्यार्थीले उत्पादन गरेको ज्ञानलाई स्थापित गर्ने गराउने र विद्यार्थीले सिकाइलाई उत्प्रेरित गर्ने बनाएको छ । यस्तै गुणस्तरीय शिक्षाका लागी शिक्षकले पाठ्यपुस्तक मात्र पढाउने होइन पाठ्यक्रमले निश्चित गरेको सिकाई उपलब्धि हासिल गर्नका लागि सिकाइ क्रियाकलाप संचालन गर्ने हो भन्ने अवधारण मजबुत हुँदै आएको छ । बालमैत्री शिक्षाका लागि सिक्नेलाई मित्रवत् व्यवहार गर्ने , डररहित वातावरण तयार गर्ने, सम्मानकासाथ सिकाइ गर्ने, बालकेन्द्रित क्रियाकलापमा आधारित सिकाइ प्रक्रिया अवलम्वन गर्ने जस्ता नयाँ आयामको प्रयोग र अभ्यास हुन थालेका छन् । यी आयमहरुमा सिक्नेलाई पहिला (Put in the learners' First) राखेर क्रियाकलाप गर भन्ने अवधारणा विकास भएको छ ।

गुणस्तरीय शिक्षाका लागि विद्यालयमा बालमैत्री शिक्षण सिकाइ गर्नु अनिवार्य छ । अहिलेको सन्दर्भमा सिक्ने अवसर, चुनौती र अभ्यास निरपेक्ष हुन सक्दैन । यो त सापेक्ष हुन्छ । सिकाइ

अनुभवसँग सम्बन्धित हुन्छ । अनुभव र परिवेशमा आधारित भएर गरिएको सिकाइ सहज र दिगो हुन्छ । सिक्ने कुरा रुचि, क्षमता, स्तर, आवश्यकतामा आधारित क्रियाकलापमुखी भए मात्र संरक्षण हुन सक्छ । बालबालिकाले तीन घण्टा सिनेमा हेरेर सबै कथावस्तु लाई वर्ण गर्न सक्छन् तर वर्षदिन पढेर पनि किन सहज सिकाइ गर्न सक्दैनन् ? यो सिकाउनेहरुका लागि ठूलो चुनौती हो । यसै परिप्रेक्ष्यमा बालमैत्री र बालकेन्द्रित सिकाई प्रक्रियामा विद्यालय, शिक्षक, प्रशिक्षक, प्र.अ. शिक्षाकर्मी विगत ७ वर्ष देखि संलग्न छन् । यस अवधिमा सेभ द चिल्ड्रेन यु.एस.ए, युनिसेफ जस्ता अन्तर्राष्ट्रिय संस्थाले शिक्षा विभाग, जिशिका र गैरसरकारी संस्थामार्फत २७ जिल्लामा नमुनाको रुपमा बालमैत्री विद्यालय र बालकेन्द्रित सिकाइ प्रक्रिया लागु गरिसकेको छ । यसलाई राष्ट्रिय स्वरुप दिन शिक्षा विभागले पनि प्रारुप तयार गरेर लागु गर्दैछ ।

बालमैत्री विद्यालयमा प्र. अ. को भूमिका के-कस्तो छ ? त्यसमा बालबालिकाहरुको शैक्षिक अवस्था कस्तो छ ? गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालय आवश्यक छ कि छैन ? यसैको बारेमा जानकारी लिने उद्देश्यले मेरो शोध पत्रमा **"गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालयमा प्र.अ.को भूमिका"** शीर्षकमा अध्ययन अनुसन्धान गर्ने जमर्को गरेको छु । गुणस्तरीय शिक्षा भन्नले प्राथमिक लहमा बलमैत्री तथा बालकेन्द्रित सिकाइ प्रक्रियालाई कक्षामा सोझै लैजान सकिने, क्रियाकलापमा आधारित, नवीन र व्यावहारिक बढी छ, तसर्थ गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालयमा नेतृत्व गर्ने प्र.अ.को. भूमिका कसरी अझ सक्रिय, सकारात्मक एवं गतिशील तुल्याउन सकिन्छ ? बालमैत्री शिक्षण कार्यक्रम लागु भएको विद्यालयमा शिक्षण सिकाइ प्रभावकारी हुनुका कारणहरु के-के हुन् ? त्यसका कारक तत्वहरु के-के हुन् । शिक्षण सिकाइमा बाल केन्द्रित क्रियाकलाप छ कि छैन ? ती कुराहरु पत्ता लगाउनु र सम्भावित ती समस्याहरुको समाधानका उपायहरु पहिल्याउने सम्बन्धमा यो अध्ययन अनुसन्धान केन्द्रित गरिएको छ ।

## १.२ समस्याको कथन

गुणस्तरीय शिक्षाका लागि विद्यालयमा बालमैत्री शिक्षण सिकाइ गर्नु अनिवार्य छ । अहिलेको सन्दर्भमा सिक्ने अवसर, चुनौती र अभ्यास निरपेक्ष हुन सक्दैन । यो त सापेक्ष हुन्छ । सिकाइ अनुभवसँग सम्बन्धित हुन्छ । अनुभव र परिवेशमा आधारित भएर गरिएको सिकाइ सहज र दिगो हुन्छ । सिक्ने कुरा रुचि, क्षमता, स्तर, आवश्यकतामा आधारित क्रियाकलापमुखी भए मात्र संरक्षण हुन सक्छ । बालबालिकाले तीन घण्टा सिनेमा हेरेर सबै कथावस्तु लाई वर्ण गर्न सक्छन् तर वर्षदिन

पढेर पनि किन सहज सिकाइ गर्न सक्दैनन् ? यो सिकाउनेहरुका लागि ठूलो चुनौती हो । *( बालकेन्द्रित क्रियाकलापको संगालो, भाग १)*

शिक्षा आर्जन गर्न पाउनु सबै बालबालिकाहरुको नैसर्गिक अधिकार हो । यसको आर्जन विना सर्वाङ्गीण विकास असम्भव छ । यद्यपि बालबालिकाहरु विद्यालय जान्छन् पाठ्यपुस्तक पढ्छन् । कथा, कविता पढ्छन्, घोक्छन्, गृहकार्य गर्छन् । शिक्षकका डरले गृहकार्य गर्छन् पढछन् र कतिपय कण्ठ गरेका कुरा बिर्सन्छन् र दण्डसजायका भागीदार हुन्छन् । यो बर्तमान अवस्थामा हरेक विद्यालयमा देखिने निरन्तरको शैक्षिक क्रियकलाप नै भएको छ । गीत, नाच, खोजपूर्ण कार्य, कथा, खेल जस्ता थुप्रै मनोरञ्जनका क्रियाकलापले बच्चामा भएको सिर्जनात्मक, प्रबर्ध्दनात्मक, रचनात्मक र अनुसन्धनात्मक क्षमताको उजागर गर्ने, सिकाई कक्षाभित्र मात्र हुने होइन समुदाय र वातावरणबाट पनि शिक्षकले धेरै कुरा सिकाउन सक्छन् । बालकेन्द्रित सिकाइ सम्बन्धी गतिविधि शिक्षकलाई गाह्रो बनाउने प्रक्रिया होइन उनीहरुलाई सहज र सरल रुपमा बालबालिका समक्ष प्रस्तुत हुने विधि पनि हो । हाम्रो शिक्षक केन्द्रित पठनपाठनको पक्षलाई बालमैत्री शिक्षणले चुनौती दिन खोजेको छ । शिक्षकले धेरै बोल्न नपर्ने, एउटा क्रियाकलाप गाराउँदा मुस्किलले केही वाक्य मात्र बोले पुग्ने । यसले शिक्षकलाई विद्यार्थी सँगसँगै सिक्ने विद्यार्थीको सिकाइलाई उत्प्रेरित गर्ने, बच्चाले सिक्ने प्रयासमा सहजता र सरलता बनाई दिने, बच्चाले उत्पादन गरेको ज्ञानलाई स्थापित गराउने जस्ता भूमिका शिक्षकले निर्वाह गर्नुपर्छ । तर वर्तमान अवस्थामा यस्ता क्रियाकलापहरु मन्द गतिमा त्यो पनि कतै कतै मात्र भइरहेका छन् । किनभने यस्ता शिक्षण प्रक्रिया, निरीक्षण, अनुगमन, मूल्याङ्कन, बालबालिकाहरुको साक्षरताको स्थापित अर्थात सीपमुलक क्षेत्रहरुमा पनि केही कमीकमजोरी देखिएको छ *। (उच्च स्तरीय रा.शि.आ. प्रतिवेदन-२०५५ पृष्ठ १५२)*

नेपालका अधिकाँश विद्यालय बालमैत्रीविहिन छन् । हालसम्म मात्र २७ वटा जिल्लाका पनि केही विद्यालयहरुमा मात्र गैरसरकारी संस्थाहरुको सहयोगमा प्रा.वि. सतरमा बालमैत्री शिक्षण कार्यक्रम लागु भएको छ । सरकारले बालमैत्री शिक्षण कार्यक्रम लागु गर्न कन्जुस्याई गर्नु, भौतिक तथा शैक्षिक साधनस्रोत उपलब्ध नगराउनुले शिक्षा क्षेत्रको ठूलो बजेट बालुवामा पानी हाले सरह भएको छ । तसर्थ ७५ जिल्लाका बढी भन्दा बढी विद्यालयहरुमा बालमैत्री कार्यक्रम लागु गर्नु आजको टड्कारो आवश्यकता रहेको छ ।

बालमैत्री विद्यालयमा प्र.अ. को भूमिका के-कस्तो छ ? गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालयको आवश्यक्ता किन छ ? बालकेन्द्रित शिक्षण सिकाइ क्रियाकलापहरु के-कसरी अपनाइका छन् ? बालमैत्री विद्यालयप्रति अभिभावकको दृष्टिकोण कस्तो छ ? बालमैत्री विद्यालयमा देखिने समस्याहरु के-कस्ता छन् ? तिनको सहज समाधानका उपायहरु के-के हुन सक्छन् ? बालमैत्री विद्यालयमा पढ्ने बालबालिकाहरुको शैक्षिक अवस्था कस्तो छ ? यी र यस्ता अहम सबालहरुको जबाफ खोज्नु र अध्ययन अनुसन्धानबाट पत्ता लागेका ठोस र सत्य कुराहरुको उजागर गर्न र सम्बन्धित क्षेत्रमा प्रस्तुत गर्न नितान्त जरुरी छ । तसर्थ यस अध्ययनमा गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालयमा प्र.अ.को सक्रिय भूमिकाको खोजी गर्न नै यो अध्ययन केन्द्रित गरिएको छ ।

## १.३ अध्ययनको औचित्य

कुनैपनि अध्ययन अनुसन्धानको आ-आफ्नै महत्व वा औचित्य हुन्छ । यस अध्ययनको पनि आफ्नै महत्व रहेको छ । शैक्षित संस्थाका लागि व्यवथापन महत्वपूर्ण पाटो हो । शिक्षण सिकाइ एक सामाजिक प्रक्रिया हो जसबाट समाजका सम्पूर्ण वर्ग प्रभावित हुन्छन् । प्र.अ. शिक्षक, विद्यार्थी, अभिभावक, समुदाबीच घनिष्ट सम्बन्ध र सम्पर्क स्थपित गर्नुपर्छ । आर्थिक, राजनीतिक, भौतिकपक्षको समन्वय, सहभागिता र सहयोगबाट उद्देश्य पूरा गर्ने कार्य निरन्तर चल्छ । शिक्षाको विकास नै व्यक्ति र राष्ट्रको आधारशिल हो । शैक्षिक व्यवस्थापन पनि सामाजिक परिवर्तन सँगसँगै परिवर्तन भइरहन्छ । शिक्षण संस्थाको केन्द्रविन्दु नै प्र.अ. हो । मानवीय स्रोत र साधनको परिचालन गरी राष्ट्रिय लक्ष्य तथा उद्देश्य पुरा गर्न शैक्षिक नेतृत्वले ठूलो जिम्मेवारी बोध गर्नुपर्दछ । यसरी प्र.अ. सक्रिय र गतिशील भएमा योजना तर्जुमा गर्नेदेखि लिएर निर्देशन गर्ने, समन्वय गर्ने, नियन्त्रण गर्ने, निरीक्षण गर्ने कार्य शैक्षिक संस्थामा निरन्तर चलिरहन्छ । यस्ता कार्य गर्ने गराउने जिम्मेवरी विद्यालयमा प्र.अ.को नै हुन्छ । यसरी शैक्षिक संस्थाको महत्वपूर्ण पक्षको रुपमा प्र.अ.को भूमिका रहेको हुन्छ ।

शिक्षा नियमावलीले प्र.अ.को काम कर्त्तव्य र अधिकार, प्र.अ.को नियुक्ति, हरेक विद्यालयमा एक प्र.अ.को अनिवार्य व्यवस्था गरेको परिप्रेक्ष्यमा व्यावहारिक रुपमा निजको भूमिका कस्तो छ ? त्यसैगरी नीति निर्माण, बालकेन्द्रित शिक्षण सिकाइ निर्णय कार्यान्वयन गर्ने कुरामा प्र.अ. को सक्रिय भूमिका हुन सकेको छ,छैन ? गुणस्तरीय शिक्षाका लागि बालमैत्री शिक्षण गर्न गराउनमा नेतृत्वदायी भूमिकामा सक्रियता छ कि छैन ? अत : प्र.अ. को भूमिका र सक्रियतालाई बढाउने उपायहरुको

खोजी गरी प्र.अ. को पदीय जिम्मेवारीलाई प्रभावकारी बनाउनु पर्ने आवश्यकता बोध भएको छ । शिक्षा क्षेत्रमा विभिन्न विषयहरुमा धेरै अध्ययन अनुसन्धान भएका र भइरहेका छन् । प्र.अ. सँग सम्बन्धित पनि धेरै अध्ययन अनुसन्धानहरु भएका छन् । तर पनि सिरहा जिल्लामा गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालयमा प्र.अ.को भूमिका शीर्षकमा अहिलेसम्म अनुसन्धान नभएकोले **"गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालयमा प्र.अ. को भूमिका"** शीर्षकमा गरिएको यो अध्ययनको छुट्टै र विशेष महत्व रहने विश्वास लिइएको छ । यो शोधपत्रमा यस सम्बन्धी मुद्धाहरुलाई अत्यन्त सूक्ष्म ढंगले उठाइएका छन् ।

गुणस्तरीय शिक्षाले उत्पादक एवं दक्ष जनशक्ति निर्माण गरी देश विकासमा महत्वपूर्ण टेवा दिन्छ । गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालयमा रहेका समस्या, शिक्षण सामग्री, बालकेन्द्रित शिक्षण विधि प्रयोगको समस्या र तिनको निराकरण गर्न सम्भव भएका उपायहरुको खोजी गरी शैक्षिक योजना र व्यवस्थापन क्षेत्रका हरेक तहमा कार्यरत निकायलाई सहयोग पुग्छ । आजका बालबालिकाहरु नै भोलिका देशका कर्णधार मानिन्छन् । त्यसैले विश्वविद्यालय र विद्यालय, प्र.अ. तथा शिक्षक, बुद्धिजीवी तथा शिक्षाविदहरुलाई आफ्नो क्षेत्रमा बालमैत्री विद्यालय लागु भएको वा नभएको, बालमैत्री विद्यालयले गुणस्तरीय शिक्षण सिकाइमा टेवा पुग्ने तथा सबै विद्यालयहरुमा बालमैत्री शिक्षणकार्यक्रम लागु गराउन र त्यसबारे जानकारी लिई थप प्रयास चाल्नमा सहयोग पुग्नेछ । आफ्नो नियमित, निरन्तर, सक्रिय तथा सम्पूर्ण शैक्षिक क्षेत्रमा बालमैत्री विद्यालयको अवधारणालाई कार्यान्वयन गर्न सम्बन्धित प्र.अ. लाई यस अध्ययनले सहयोग पुऱ्याउँछ । यसले शिक्षासँग सरोकार राख्ने सबै पक्षहरु, नीति निर्माताहरु, प्र.अ., शिक्षक, अभिभावक लगायत जि.शि.का. र श्रोतकेन्द्रलाई आफ्नो जिल्ला र श्रोतकेन्द्र भित्रका विधालयमा बालकेन्द्रित शिक्षण सिकाइ दक्षता बृद्धि गर्न थप र प्रभावकारी कार्यक्रम लागु गर्न र गराउन, विशेष यस बारेमा जान्न चाहने जो कोहीलाई पनि थप जानकारी लिन सजिलो हुने भएकोले यो अनुसन्धानको आफ्नै विशिष्ट महत्व एवं औचित्य छ ।

## १.४ अध्ययनका उद्देश्यहरु :

यो शोध कार्यका **उद्देश्यहरु** निम्नानुसार छन् :

१. गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालयमा प्र.अ. को भूमिका पहिल्यानु ।

२. बालमैत्री विद्यालयको गुणस्तरीय शिक्षामा असर पार्ने तत्वहरुको पहिचान गर्नु ।

३. बालमैत्री विद्यालयमा देखिएका समस्या समाधानका लागि सम्भाव्य उपायहरुको खोजी गर्नु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु :

उपरोक्त उद्देश्यहरु पुरा गर्न निम्न अनुसन्धानात्मक प्रश्नहरु राखिएको छ ।

१. गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालय किन आवश्यक छ ?

२. बालमैत्री विद्यालयमा प्र.अ.को भूमिका के-कस्तो छ ?

३. बालमैत्री विद्यालयमा बालकेन्द्रित शिक्षण विधिहरु के-के अपनाइएका छन् ?

४. बालमैत्री विद्यालयप्रति अभिभावकको दृष्टिकोण कस्तो छ ?

५. बालमैत्री विद्यालयको गुणस्तरीय शिक्षामा असर पार्ने तत्वहरु के-के होलान् ?

६. बालमैत्री विद्यालयमा देखिने समस्याहरु समाधान गर्न के गर्नुपर्ला ?

७. गुणस्तरीय शिक्षाकाल लागि बालमैत्री विधालयलाई अझ स्तरबृद्धि गर्न के गर्नु पर्ला ?

## १.६ अध्ययनको परिसीमा

अध्ययनको विषय र क्षेत्र बृहत हुन सक्छ । स्रोत साधन, समय र आर्थिक अवस्थालाई ध्यानमा राखेर यस अध्ययनको सीमा निम्नानुसार निर्धाराण गरिएको छ :

१. यस अध्ययनको क्षेत्र सिरहा जिल्लाको बस्तीपुर उ.मा.वि. वस्तीपुर श्रोतकेन्द्र अन्तर्गतका बालमैत्री विद्यालयमा केन्द्रित गरिएको छ ।

२. यो अध्ययन मूलतः बालमैत्री कार्यक्रम लागु भएका प्रा.वि. तथा नि.मा.वि मा केन्द्रित छ ।

३. अधययनको क्रममा विद्यालयका प्र.अ., श्रोतव्यक्ति, वि.व्य.स.का अध्यक्षहरु, शिक्षक, महिला शिक्षक, छात्र-छात्राहरु र अभिभावकहरुलाई अन्तर्वार्ता प्रश्नावली र लक्षित समूह छलफललाई माध्यम बनाई प्राथमिक तथ्याङ् संकलन गरिएको छ ।

# परिच्छेद : दुई

## सम्बन्धित साहित्यको पुनरावलोकन तथा अवधारणात्मक खाका

कुनै पनि अनुसन्धान कार्य गर्दा अनुसन्धान नयाँ होस् । नदोहोरियोस् भन्नाका लागि सम्बन्धित साहित्यको पुनरावलोकन गरिन्छ । अनुसन्धान समस्यालाई स्पष्ट पार्न, अध्ययन विधिलाई सुधार गर्न तथा अनुसन्धानकर्ताको सम्बन्धित विषयको ज्ञानलाई फराकिलो पार्न समेत साहित्यको पुनरावलोकनले सहयोग पुऱ्याउँछ । अनुसन्धानकर्तालाई आफ्नो अध्ययनको क्षेत्र र विषयलाई सीमित गर्न समेत सहयोग पुऱ्याउँछ । *-खनाल, पेशल २०६२)*

यो शोध कार्य को विषयसँग सम्बन्धित साहित्यको पुनरावलोकन गर्ने प्रक्रियामा शोधकर्तालाई प्राप्त भएका साहित्यका सन्दर्भ ग्रन्थहरु, शोध पत्रहरु, प्रतिवेदनहरु तथा साहित्यका सन्दर्भ ग्रन्थहरु, शोध पत्रहरु प्रतिवेदनहरु तथा पत्र पत्रिकाहरुको अध्ययन गरी निस्केका निष्कर्ष उल्लेख गरिएकोछ ।

### २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

***लक्सम (२०६६)*** द्वारा स्नातकोत्तर तह दोश्रो वर्षको आँशिक आवश्यकता परिपूर्तिका लागि पाँचथर जिल्लाको प्राथमिक विद्यालयहरुलाई आधार मानी महिला प्र.अ. पाँचवटा र पुरुष प्र.अ. पाँचवटा गरी जम्मा दश जनामा आधारित भई “प्राथमिक विद्यालयको शैक्षिक व्यवस्थापनमा महिला र पुरुष प्र.अ.को भुमिकाको तुलना” शीर्षकमा गर्नु भएको अनुसन्धान अनुसार वि.व्य.स. को बैठक, छलफल, विद्यालय स्तरीय विनियमको निर्माण, कार्य अनुगमन तथा निरीक्षण जस्ता कार्यहरुमा महिला प्र.अ. हरुको तुलनामा पुरुष प्र.अ.हरु रहेको विद्यालय अग्र स्थानमा रहेको देखिएको छ भने पृष्ठपोषण दिने, पुरस्कृत गरी विद्यार्थीहरुलाई उत्प्रेरणा प्रदान गर्ने, प्राप्ताङ्कको आधारमा सुधारात्मक शिक्षण कार्य गर्ने साथै निर्माण कार्यको सम्पन्नतापछि दीर्घकालिन संरक्षणको कार्यक्रम बनाउने आदि कार्यमा महिला प्र.अ. भएका विद्यालयहरु उच्च स्थानमा रहेको देखाएका छन् । तर सोही अनुसन्धान अनुसार शैक्षिक उपलब्धिका हिसाबले पुरुष प्र.अ. र महिला प्र.अ. भएका विद्यालयहरुको शैक्षिक उपलब्धि समान पाइएको तथ्यलाई उल्लेख गर्नुभएको छ ।

**कोइराला** (२०६६) ले स्नातकोत्तर तहको शोधकार्य अन्तर्गत तनहुँ जिल्लाको "सामुदायिक विद्यालयमा शिक्षण सिकाई सुधारका लागि प्रधानाध्यापकको व्यवस्थापकीय भूमिका" शीर्षकमा गरिएको अनुसन्धान अनुसार विद्यालयमा शैक्षिक नेतृत्व उच्च रहन नसकेको, प्रधानाध्यापकको व्यवस्थान तालिमको अभावमा परम्परागत सोच, चिन्तन र शैलीमा भइरहेको, शिक्षा नियमावलीमा तोकिएका काम, कर्त्तव्य र अधिकार प्रधानाध्यापकका लागि उत्साहप्रद नभएको देखिएको छ ।

**वाग्ले तथा कार्की** (२०५७) द्वारा उद्धृत Ottaway (२०५७) का अनुसार "शिक्षाको अवसर एउटा मुर्खलाई पनि प्रदान गर्नुपर्छ ऊ सँग २ वर्षको केटाकेटी जति मानसिक क्षमता भएपनि उसले आफ्नो त्यस्तो क्षमता बृद्धि गर्ने अवसर प्रदान गर्ने गर्दछ । त्यस्तै गरी एउटा प्रतिभाशालीलाई उसको सहजता प्रदर्शन गर्ने अवसर प्रदान गर्नुपर्छ यस्तो अवसरबाट समाजका कुनैपनि व्यक्ति शिक्षाको पहुँचबाट बञ्चित हुनु हुँदैन, जो सुकैले शिक्षाको अवसर प्राप्त गरी क्षमता अनुकूल आफ्नो बौद्धिक सक्रियतालाई उच्चत्तम रुपमा विस्तारित गर्न सक्दछ । हरेक व्यक्रिसँग सम्भावित क्ष्मता हुन्छ । तयसलाई शिक्षको माध्यमले निश्चित समयमा बढाउने मौका प्रदान गर्नुपर्छ ।" Ottaway को यस ठम्याइमा शिक्षाको अवसर भनेको प्राथमिक शिक्षालाई सस्तो पारी बढी से बढी व्यक्तिको सुगम पहुँचमा पार्न होइन । यस्ता उपागमबाट जो टाढाबाठा छन् उसले अवसरलाई सदुपयोग गर्दछन् । मौका अनुसार फाइदा गर्न सक्दछन् तिनले शिक्षको अवसर प्राप्त गर्दछन् । ती समुदाय जो मौंकाबाट टाढिएका हुन्छन्, जो अचेतन अवस्थामा आधारित छामछुम गर्दै हुन्छन् । तिनले मौकाको फाइदा लिन सक्दैनन् । शिक्षाको अवसरले व्यक्ति वा जनसमुदायलाई पछ्याउनु पर्छ । Ottaway को अपेक्षित वर्गलाई शैक्षिक अवसर जसरी पनि दिने चिन्तनलाई यस अध्ययनमा समायोजन गर्न खोजिएको छ । किनकि धेरैजसो बालबालिकाहरु सहज र रमाइलो वातावरणमा शिक्षाको उज्याले प्राप्त गर्न सकिरहेका छैनन् । तिनलाई स्वरुचिपूर्ण भयरहित, बालकेन्द्रित शिक्षा प्रदान गर्न जोड दिएको छ ।

गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप (२०६७) मा उल्लेख भए अनुसार "बालबालिकाले आफ्नो गति र क्षमता अनुसार रमाइलोसँग सिक्ने वातावरण भएको विद्यालय बालमैत्री विद्यालय हो । यस्ता विद्यालयमा बालबालिका अनुकूलको सिकाइ वातावरण तयार गरिन्छ, बालबालिकाहरुको अन्तरनिहित क्षमताको विकास गरिन्छ । यस्ता विद्यालयहरुमा बालबालिकाहरुले शारीरिक, मानसिक एवम् सम्वेगात्मक रुपले सुरक्षित तथा स्वस्थ वातावरण

पाउँदछन् । बालबालिकाहरुको रुचि, क्षमता र स्तरको कदर हुन्छ र सोही अनुसार उनीहरुको सिकाइका लागि आवश्यक वातावरण एवम् पाठ्यक्रमको व्यवस्था हुन्छ । कुनैपनि प्रकारका भौतिक, शारीरिक एवम् मानसिक दण्ड, सजाय वर्जित हुन्छ र बालबालिकाहरुलाई दुरव्यवहार र नोक्सानीबाट बचाउने काम निरन्तर रुपमा भइरहेको हुन्छ । बालमैत्री विद्यालयका प्राथमिक विद्यालय उमेरका बालबालिकाहरुको प्रमुख शैक्षिक समस्यालाई २ परिच्छेदमा वर्गीकरण गरी समेट्ने प्रयास गरिएको छ :

बालमैत्री शिक्षण कार्यक्रम लागु भएका प्राथमिक विद्यालयहरुमा बालकेन्द्रित क्रियाकलाप तुलनात्मक रुपमा कम पाइएको छ । उक्त समस्यालाई हटाउन प्र.अ.को सक्रिय भूमिका हुनुपर्ने, बालकेन्द्रित शिक्षण विधि अपनाउन तत्पर हुनुपर्ने, बालबालिकाको सिकाइ उपलब्धिको मूल्याङ्कन गर्नुपर्ने, स्वस्थ, सुरक्षित र भेदभावरहित व्यवहारमा विशेष ध्यान दिनुर्पे जस्ता सुझावहरु उल्लेख गरिएको छ । यो अध्ययन पनि यसैसँग सम्बन्धित एक महत्वपूर्ण अध्ययन बन्न सकेको छ ।

लौडारी तथा अधिकारीद्वारा लिखित बालमैत्री विद्यालय बालकेन्द्रित क्रियाकलापको सँगालो भाग - १ (२०६७) का अनुसार "शिक्षकको भूमिका सहजकर्ता (Faciliatator), विधार्थीसँगसँगै सिक्ने (Co-learner) विद्यार्थीले उत्पादन गरेको ज्ञानलाई स्थापित गर्ने-गराउने (Agent for knowledge induction) र विद्यार्थीको सिकाइलाई उत्प्रेरित गर्ने (Promoter) बनाएको छ । यस्तै शिक्षकले पाठ्यपुस्तक पढाउने हैन पाठ्यक्रमले निश्चित गरेको सिकाइलाई उपलब्धि हासिल गर्नका लागि सिकाइ क्रियाकलाप सञ्चालन गर्ने हो । "बालकेन्द्रित सिकाइ प्रक्रियाका क्रियाकलापहरुलाई सिकारु माझ अभ्यास गराएर उच्च प्रतिफल ल्याउन सकिनछ । यसरी सिकाइ वातारण पाएपछि प्रत्येक बालबालिकाले विद्यालयलाई मामाघर जस्तो र पढाउने शिक्षकलाई मामा-माइजु जस्तो पाउने छन् । मेरोसर, मेरो मिस भनेर बोलाउनेछन् । तपाइका सार्थक सिकाईलाई जीवन पर्यन्त सम्झना राख्नेछन्।"

बालमैत्री विद्यालय र बालकेन्द्रित सिकाइ प्रक्रिया एक अर्काका पूरक हुन् । सोही परिप्रेक्ष्यमा यस अध्ययनसँग सम्बन्धित सन्दर्भ सामाग्रीको रुपमा यसलाई समेट्ने प्रयास गरिएको छ । विधालयमा बालमैत्री शिक्षण प्रक्रियामा प्रभावपार्ने तत्वहरु : विद्यालयमा कम गुणस्तरीय शिक्षा

बालकेन्द्रित सिकाइ प्रक्रियामा कमी, प्र.अ.को सक्रिय र मित्रवत् व्यवहारको कमी, ग्रामीण जीवनशैली, असान्दर्भिक पाठ्यक्रम, विभिन्न संघ संस्था तथा अन्य क्षेत्रबाट शैक्षिक क्षेत्रको सहयोगको कमी, गग्रमिण भेगमा विद्यालयको कमी, निरीक्षण तथा अनुगमनको कमी, पाठ्यक्रम अव्यावहारिक, स्तरीय एवं तालिमप्राप्त शिक्षकको कमी नै प्रमुख तत्व रहेको देखिन्छ ।

## २.२ अध्ययनको अवधारणात्मक खाका

कुनैपनि विषयवस्तुका बारेमा अध्ययन अनुसन्धान गर्नुपूर्व त्यससँग सम्बन्धित सामाग्रीहरुको अध्ययन मनन गर्नुपर्ने हुन्छ । यस अध्ययनसँग सम्बन्धित मिल्दोजुल्दो सिद्धान्तलाई हेर्दा मुख्य सिद्धान्तहरु निम्न रहेका छन्:

**फिड्लर** (१९६७) ले प्रतिपादन गरेको संयोगिक सिद्धान्त अनुसार नेतृत्व आफ्ना गुण र विशेषता र परिस्थितिजन्य कारणहरु दुवैको सम्मिश्रणबाट सफल नेता बन्न सक्छ । नेतृत्व लिने व्यक्तिले आफूलाई परिस्थिति अनुसार परिवर्तन गरी परिस्थितिसँग नेतृत्व शैली मिलान गर्नुपर्दछ । यस सिद्धान्त अनुसार परिवर्तन गरी परिस्थितिसँग नेतृत्वशैली मिलान गर्नुपर्दछ । यस सिद्धान्त अनुसार कामदारसँग नजिकको सम्बन्ध नेतृत्वलाई प्रभावकारी बनाउन सकिन्छ । यस सिद्धान्तको कारक तत्वको रुपमा व्यवस्थापकको कामदारसँगको सम्बन्ध र कामदारको कार्यान्मुख प्रवृत्तिलाई प्रमुख रुपमा लिइन्छ । फिड्लरले नेतृत्व परिस्थितिमा पदको शक्ति, कार्य संरचना र नेता सदस्य सम्बन्ध गरी तीन तत्वहरुले प्रभाव पार्ने कुरा औल्याएका छन् । (काफ्ले ⁄ पौडेल, २०६४ बाट उद्धृत)

Taylor (१८५६) ले प्रतिपादन गरेको वैज्ञानिक व्यवस्थापनको सिद्धान्त अनुसार “वैज्ञानिक व्यवस्थापन भनेको मानिसलाई कुन काम गराउन खोजिएको छ र कुन काम गर्न दिएमा उनीहरुले राम्रो र किफायती ढंगले व्यवस्थापनलाई एक कलाको रुप दिन खोजिएको देखिन्छ । यसले कामदारको क्षमता अनुसारको कामको बाँडफाँडको कलालाई प्रदर्शित गरेको छ । यो भनाईसँग मिल्दोजुल्दो गरी व्यवस्थापन सम्बन्धमा अर्का विद्वान John E. Lee शब्दमा यसरी व्यक्त गर्दछन् “व्यवस्थापन न्युनतम प्रयत्नद्वारा अधिकतम नतिजा प्राप्त गर्ने र काम गर्ने तथा काम गर्नेहरु दुवैलाई अधिकतम सुखी तथा सम्बृद्ध गराउने तथा जनतालाई सम्भव भएसम्म सेवा प्रदान गर्ने एक कला हो ।” यस भनाई मा व्यवस्थापनका सवलमा किफयतीलाई पनि उत्तिकै महत्व दिन खोजिएको छ । कम खर्चमा अधिकतम परिणाम निकाल्ने कलाको रुपमा व्यवस्थापनलाई बुझिएको छ ।

व्यवस्थापनमा उद्देश्य, संगठन, नियुक्तिको कुरालाई महत्व दिँदै अर्का व्यवस्थापनका सिद्धान्तकारको भनाइ छ, व्यवस्थापन भनेको उद्देश्य निर्धारण गर्नु र सो उद्देश्य प्राप्तिका लागि योजना, संगठन, कर्मचारी नियुक्ति, कार्यसम्पादन, मूल्याङ्कन, नियन्त्रण, उत्प्रेरणा तथा समन्वय गर्नु र नवप्रवर्तकद्वारा भविष्यका लागि उद्देश्यमा सुधार ल्याउनु हो । *(कोइराला र श्रेठ, २०६२ बाट उद्धृत)*

बालमैत्री विद्यालयका अन्तर्राष्ट्रिय मान्यता तथा विद्यालय क्षेत्र सुधार कार्यक्रम **(SSRP)** ले इङ्गित गरेको न्यूनतम सिकाइ वातावरण र नेपालको परिवेश समेतलाई मध्यनजर गरी विभिन्न नौ वटा उपागम निर्धारण गरिएको छ र हरेक उपागमको परिचयात्मक खण्डको साथै न्यूनतम र अपेक्षित मापदण्डहरुको विद्यालयका विवरण नै यस अध्ययन संग सम्बन्धित देखिन्छ ।

बालमैत्री विद्यालयका नौ उपागमहरु अर्थात पक्षहरु छन्, जसमा अपेक्षित मापदण्डहरु निर्धारण गरिएका छन् :

प्रभावकारिता, समावेशीकरण, शिक्षामा लैङ्गिकपक्ष,

बालबालिका, परिवार र समुदायको सहभागिता ,स्वास्थ्य, सुरक्षा र बचाबट ,विद्यालयको भौतिक अवस्था,शिक्षण सिकाई प्रक्रिया, मातृभाषामा शिक्षण सिकाइ, विद्यालय व्यवस्थापन ।

बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप २०६७ ले तोकेका नौवटा उपागमका १०४ ओटा न्युनतम मापदण्ड पुरा गर्नु पर्ने बालमैत्री विद्यालयको अनिवार्यता नै हो ।

*स्रोत : बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप (२०६७)*

## २.३ शैक्षिक उपादेयता

बलमैत्री विद्यालय विद्यालयको परिष्कृत र आलंकारिक रुप हो । शिक्षा बालबालिकाको नैसर्गिक अधिकार हो र यो राज्यको प्राथमिक दायित्व भित्र पर्दछ भन्ने कुरा बालमैत्री विद्यालयले स्वीकार्दछ । बाल विकासका लागि अधिकारमा आधारित गुणस्तरीय शिक्षा र गुणस्तरिय शिक्षाका लागि बालमैत्री विद्यालय भन्ने अवधारण अहिलेको विश्वमा प्रचलित मान्यता हो ।

यसैगरी फिड्लरको संयोगी सिद्धान्त, वैज्ञानिक व्यवस्थापनका पिता F.W. Taylor को वैज्ञानिक व्यवस्थापन सिद्धान्त, विद्वान John E. Lee को व्यवस्थापन सिद्धान्त, बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप (२०६७) को बालमैत्री विद्यालयका नौ उपागमहरु र यसका १०४ वटा सूचकहरु यी र यस्तै सैद्धान्तिक खाका र सम्बन्धित साहित्यको पुनरावलोकनले यस सोधकार्यलाई मार्गनिर्देशन गर्न, उपयुक्त अनुसन्धान ढाँचाको प्रयोग गर्न र पूर्व शोधकार्यमा देखिएका अन्तरको पहिचान गरी उपयुक्त समस्या छनौट गर्न सहयोग पुऱ्याएको छ ।

# परिच्छेद : तीन

# अनुसन्धान विधि

यस शोध कार्यलाई वैज्ञानिक व्यावहारिक र वस्तुनिष्ठ बनाउन र छननेट गरिएको शीर्षक, प्रक्रियालाई व्यावहारिक, वस्तुनिष्ठ र उपयोगी बनाउन निम्न अनुसारका विधिहरुको अवलम्बन गरी अनुसन्धान कार्यलाई अगाडि बढाइएको छ :

## ३.१ अनुसन्धान ढाँचा :

यस अध्ययनमा गुणात्मक र परिणात्मक ढाँचाको प्रयोग गरिएको छ । वस्तुस्थितिलाई बृहत रुपमा अध्ययन विश्लेषण गरिने तथा सम्बन्धित व्यक्ति, अवस्थासँग प्रत्यक्ष सम्पर्क स्थापित हुने र त्यसबाट प्राप्त सूचनालई विश्लेषण एवं व्याख्याका क्रममा संख्यात्मक रुपमा प्रस्तुत गरिएको छ ।

## ३.२ जनसंख्या र नमुना छनोट विधि

यस अध्ययनमा उद्देश्यमूलक नमुना छनौट विधिको प्रयोग गरी श्री बस्तीपुर उ.मा.वि. बस्तीपुर श्रोतकेन्द्र अन्तर्गतको बालमैत्री कार्यक्रम लागू भएका २ वटा सामुदायिक विद्यालयका २ जना प्र.अ.हरु, सोही विद्यालयका व्यवस्थापन समितिका २ जना अध्यक्षहरु, शिक्षकहरु (महिला र पुरुष) २/२ जनाका दरले २ विधालयका ८ जना, छात्रछात्राहरु (५ छात्रा, ५ छात्र) १०, १० जनाका दरले २० जना छात्रछात्राहरु, अभिभावकहरु (२ महिला, २ पुरुष) ४, ४ जनाका दरले ८ जनालाई नमुनाको रुपमा छनोट गरिएको छ । साथै बस्तीपुर उ.मा.वि. बस्तीपुर श्रोतकेन्द्रका श्रोतब्यक्तिलाई समेत नमुनाको रुपमा छनोट गरिएको छ :

| क्र. सं. | विद्यालयको नाम | प्र.अ. | वि.व्य. सं अध्यक्ष | शिक्षक/ महिला शि. | छात्र/ छात्रा | अभिभावक म./पु. | श्रोतब्यक्ति | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्री प्रा.बि. बस्तीपुर- ८ | १ | १ | २/२ | ५/५ | २/२ | | २० |
| २ | श्री ज. नि.मा.बि.घलेटोल बस्तीपुर- ४ | १ | १ | २/२ | ५/५ | २/२ | | २० |
| ३ | श्रीबस्तीपुरउ.मा. वि. बस्तीपुर श्रोतकेन्द्र | | | | | | १ | १ |
| | जम्मा | २ | २ | ८ | २० | ८ | १ | ४१ |

*स्रोत : स्थलगत भ्रमण*

## ३.३ नमुना छनोटका आधार तथा जनसंख्या

यस शोधकार्यमा भौगोलिक, समावेशीता, लैङ्गिक आधार, पहुँच, स्रोत साधनको सीमितता, समयको अभाव तथा अन्य विभिन्न समस्याहरुलाई मध्यनजर राख्दै उद्देश्यमूलक नमुना छनौट विधिबाट सिरहा जिल्लाको श्री बस्तीपुर उचच मा.वि. वस्तीपुर श्रोतकेन्द्र अन्तर्गतका बालमैत्री कार्यक्रम लागू भएका २ वटा सामुदायिक विद्यालयका प्र.अ. १/१ सो विद्यालयका वि.व्य.स.का अध्यक्षहरु, १/१ जना, शिक्षक महिला शिक्षकहरु २/२ जना, छात्रा/छात्रहरु ५/५ जना, महिला /पुरुष अभिभावकहरु २/२ जना र १ जना श्रोतव्यक्तिलाई जनसंख्याको रुपमा छनोट गरिएको छ ।

## ३.४ तथ्याङ्कको श्रोत

यो अध्ययनमा दुबै प्राथमिक र द्वितीय स्रोतको प्रयोग गरिएको छ । **प्राथमिक स्रोतहरु :** प्रश्नावली, भेटघाट र अन्तर्वार्ताको माध्यमबाट तथ्याङ्क संकलन गरिएको छ । **द्वितीय स्रोतहरुः** वि.व्य.सं को निर्णय पुस्तिका, विद्यालय सुधार योजना (SIP) पुस्तिका, व्यवस्थापन सम्बन्धी पुस्तकहरु, बालकेन्द्रित शिक्षण सम्बन्धी पुस्तकहरु, पत्रपत्रिका, शोधपत्र, सिद्धान्तकारका सिद्धान्त, प्रतिवेदन आदि रहेका छन् ।

## ३.५ तथ्याङ्क संकलन साधन :

यो अध्ययनमा अनुसन्धानात्मक साधनको रुपमा प्रश्नावली, अन्तर्वार्ता प्रश्नावली र सर्भे फारमलाई अनुसन्धान साधनहरुको प्रयोग गरी तथ्याङ्क संकलन गरिएको छ ।

### (क) प्रश्नावली

**"गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालयमा प्र.अ. को भूमिका"** शीर्षकमा गरिएको यस अनुसन्धानमा तथ्याङ्क संकलनका लागि प्रअ. का लागि सोधिएका प्रश्नावली यस शोधपत्रको अनुसूचि ४ मा राखिएको छ भने शिक्षकहरु (महिला/पुरुष) लाई एकै प्रकृतिका खुल्ला प्रश्नावली प्रयोग गरिएको छ, जुन अनुसूचि ३ मा राखिएको छ । यसैगरी लक्षित समूह (छात्र/छात्रा) सँग प्रयोग गरिएका प्रश्नावलीहरु लाई यस शोधपत्रको अनुसूचि २ मा प्रस्तुत गरिएको छ ।

### (ख) अन्तर्वार्ता प्रश्नावली

अन्तर्वार्ता प्रश्नावली मार्फत प्र.अ.को भूमिका उजागर गरी बालमैत्री विद्यालयको अवस्थालाई अनुसन्धानका लागि आवश्यक जानकारी लिने कार्य गरिएको छ । यस अनुसन्धानमा गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालयका प्रभावकारिता, समावेशीकरण, लैङ्गिक पक्ष, सहभागिता, स्वास्थ्य सुरक्षा र बचावट, भौतिक पूर्वाधार, शिक्षक सिकाइ प्रक्रिया, मातृभाषामा शिक्षण सिकाई, विद्यालय व्यवस्थापन जस्ता नौ वटा पक्षहरुलाई समेटिने गरी अन्तर्वार्ता प्रश्नावली गरिएको छ । यसैगरी वि.व्य.स. अध्यक्ष र अभिभावक सँग एकै प्रकृतिका अन्तर्वार्ता प्रश्नावली गरिएका छन् । यस कार्यका लागि तयार गरिएका अन्तर्वार्ता प्रश्नावलीहरु यस शोधपत्रको क्रमशः

अनुसूचि ४ र ५ मा प्रस्तुत गरिएको छ । यसैगरी श्रोतव्यक्ति सँग सोधिएको प्रश्नावली नमुना अनुसुचि ६ मा प्रस्तुत गरिएको छ ।

### (ग) सर्भे फारम

यस शोधकार्यमा भएका उद्देश्यहरु पूरा गर्नका लागि आवश्यक तथ्यपरक जानकारीका लागि विद्यालय सर्भे फारमको पनि प्रयोग गरिएको छ , जुन यस शोधपत्रको अनुसूचि - १ मा प्रस्तुत गरिएको छ ।

### (घ) दस्तावेज अध्ययन

यस शोधकार्यमा भएका उदेश्य पूरा गर्न शिक्षक मासिक पत्रिका, विद्यालयका SIP पुस्तिका ,शिक्षा नियमावली २०५९ लाई दस्तावेज अध्ययनको रुपमा प्रस्तुत गरिएको छ ।

## ३.६ तथ्याङ्क संकलन प्रक्रिया

उद्देश्यमूलक नमूना छनोट विधिबाट नमुना छनोटमा परेका विद्यालयमा पुगी विद्यालयका प्र.अ., वि.व्य.स. अध्यक्ष, शिक्षकहरु (महिल/पुरुष), छात्रा/छात्रहरु, अभिभावकहरु (महिला/पुरुष), श्रोतव्यक्तिसँग आवश्यक प्रश्न, अन्तर्वार्ता गरी निम्न प्रक्रियाको अवलम्वन गरी तथ्याङ्क संकलन गरिएको छ ।

## ३.७ तथ्याङ्क विश्लेषण विधि

यस अध्ययनमा संकलित तथ्याङ्कको तालिका, चार्टको प्रयोगबाट विश्लेषण गरी प्राप्तिलाई उद्देश्य अनुरुप बुदागत रुपमा प्रस्तुत गरिएको छ । संख्यात्मक र गुणात्मक सूचनालाई परिमाणात्मक र गुणात्मक दुवै विधिबाट व्याख्या विश्लेषण गरिएको छ ।

# परिच्छेद : चार

## तथ्याङ्क विश्लेषण र व्याख्या

विद्यालय सञ्चालनको लागि स्थानीय प्रशासनिक निकायको रुपमा प्र.अ. को भूमिका अत्यन्तै जिम्मेवारी एवं महत्वपूर्ण रहेको हुन्छ । विद्यालयको सफलता र असफलताको लागि प्रशासनिक निकाय प्र.अ. लाई अत्यन्त जिम्मेवारी निकायको रुपमा लिन सकिन्छ किनकि उलि गरेका निर्णयहरु सिधै कार्यान्वयनमा जाने हुन्छ । अर्को कुरा निर्णय र कार्यान्वयन गर्ने दुवै थलोमा प्र.अ. को उपस्थिति एवं दायित्व हुन्छ । विद्यालयको शैक्षिक वातावरण, गुणस्तरीय शिक्षा, अनुशासन कायम गर्ने देखि लिएर विद्यालयको प्रशासनिक कार्यको संचालन नथा नियन्त्रण गर्ने कार्य पनि प्र.अ. ले नै गर्नुपर्दछ । शिक्षा नियमावली २०५९, छैठौ संशोधनले परिच्छेद १७ को ९४ दफामा प्र.अ. को काम, कर्त्तव्य र अधिकारलाई परिच्छेद क देखि ष सम्म जम्मा ३१ वटा बुदामा उल्लेख गरेको पाइन्छ । ती काम, कर्त्तव्य अधिकार व्यावहारिक रुपमा कतिको प्रभावकारी छन् । बालमैत्रि विद्यालयमा प्र.अ.को भूमिका र सक्रियतालाई बढाउने साथै उनको पदीय जिम्मेवारीलाई प्रभावकारी बनाउने प्रश्नमा केन्द्रित रही यो अनुसन्धानलाई अगाडी बढाइएको हो । यो अनुसन्धानका लागि सिरहा जिल्लाको श्री वस्तीपुर उच्च मा.वि. वस्तीपुर (स्रोत केन्द्रलाई आधारमानी यही स्रोत केन्द्र अन्तर्गतका २ वटा बालमैत्री बिधालयका प्र.अ., वि.व्य.स. अध्यक्ष, शिक्षकहरु, छात्रछात्राहरु, अभिभावकहरु र स्रोतव्यक्ति समेतलाई सोधिने प्रश्नावली, अन्तर्वार्ता प्रश्नावली एवं सर्भे फारम तयार गरी उल्लेखित व्यक्तिहरुसँग भेट गरी संकलन गरिएको तथ्याङ्को आधारमा निम्नानुसार विश्लेषण गरिएको छ ।

### ४.१ गुणस्तरिय शिक्षाका लागि बालमैत्री विद्यालयमा प्र.अ. को भूमिका

अनुसन्धानका लागि तयार गरिएको अनुसूचि - १ को विधालय सर्भेक्षण फारम अनुसार र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, छात्रछात्राहरु, शिक्षकहरु, अभिभावकहरु र स्वयं प्र.अ. लाई सोधिएका प्रश्नानुसार बालमैत्री कार्यक्रम लागू भएको विद्यालयका प्र.अ. को व्यक्तिगत शैक्षिक भूमिका निम्नानुसार पाइयो ।

**तालिका १ : प्र.अ.को व्यक्तिगत शैक्षिक विवरण**

| क्र.स. | प्र.अ. | विद्यालय | योग्यता | लिङ्ग | तह | किसिम | विषयगत | तालिम | नियुक्ति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | श्री वीरेन्द्र यादव | श्री. प्रा.वि. वस्तीपुर-८ | वि.कम. | पुरुष | प्रा.वि. द्वितीय | स्थायी | गणित | प्राप्त | २०५०/१०/१ | |
| २. | श्री हजारी साह | श्री ज.नि. मा. वि. घलेटोल | आइ. ए. | पुरुष | प्रा.वि. द्वितीय | स्थायी | गणित | प्राप्त | २०४८/५/१२ | |

श्रोत : स्थलगत भ्रमण : २०७१

माथिको तालिका अनुसार यस अध्ययन क्षेत्रका विद्यलयका प्र.अ.हरुको व्यक्तिगत शैक्षिक विवरण दुवै जना प्र.अ. तालिम प्राप्त तथा अनुभवी पाइयो । श्री ज.प्रा.वि. वस्तीपुर -८, सिरहाका प्र.अ. ले वि.कम. सम्मको शिक्षा हासिल गर्नु भएको छ भने नि.मा.वि. घलेटोलका प्र.अ. को शैक्षिक योग्यता आइ. ए. सम्मको पाइयो । यसैगरी दवै प्र. हरु स्थायी र तालिम प्राप्त पाइयो । उहाँहरुले सेवा गरेको अवधिपनि क्रमस २१ र २३ बर्ष पाइयो । तालिम, नैतिक चरित्र, सामाजिक व्यवहार, सार्वजनिक जीवनमा योगदान, आर्थिक अवस्था, सक्रियता, सकारात्मक सोच, रचनात्मक भूमिका, मितव्ययिता, सहनशीलता, कर्त्तव्य परायणता जस्ता कुराले पनि बालमैत्री विद्यालयको गुणस्तरीय शिक्षामा महत्वपूर्ण प्रभाव पार्दछ ।

अनुसूचि ७ मा दिइएको तालिका अनुसार प्र. हरु दुवै जना स्थायी र तालिम प्राप्त, सेवा गरेको अवधि क्रमस २१ र २३ वर्ष देखिन्छ भने सामाजिक जिम्मेवारीको अवस्था, बौद्धिक सिर्जनशिलताको क्षेत्रमा कविता लेख रचना नलेखेको देखिन्छ । विद्यालय खुलेका दिनहरुमा विद्यालयमा समय दिने गरेको पाइयो, विद्यालय खुलेको बाहेकका दिन विद्यालय प्रति उदासिन भएको पाइयो ।

प्रधानाध्यापकहरु विधालयका प्रमुख प्रशासक हुन् जसले विद्यालका धेरै कमजोरीहरुलाई नजिकबाट नियालेका हुन्छन् र विधालयमा आईपरेका समस्यादेखि लिएर नीतिगत समस्या समेत उहाँहरुलाई नै बढी भन्दा बढी थाहा हुन्छन् । प्र.अ. हरुले जिम्मेवारपूर्ण भएर इमान्दार भुमिका निर्वाह गर्ने हो भने समस्या समाधानमा र गुणस्तरीय शिक्षामा बलियो टेवा पुग्छ । माथिको सम्बन्धित पक्षहरुसँगको प्रत्यक्ष कुराकानीमा प्र.अ. भूमिका, व्यवहार उत्साहप्रद नभएको झल्कन्थ्यो ।

यसैगरी प्र.अ. को विषयगत दक्षता, सरोकारबालाहरु बीचको सम्बन्ध, उमेर, अनुभव, क्रियाशीलता, नियममितता, निरन्तरता, शिक्षक र कर्मचारीहरु मिलनसारिता हुनुपर्ने, यी र यस्ता सवालहरुमा प्र.अ. को भूमिका सन्तोषजनक रहेपनि पर्याप्त नभएको पाइयो ।

## ४.१.२. शिक्षा नियमावलीमा प्र.अ. को काम कर्त्तव्य र अधिकारको व्यवस्था शिक्षा नियमावली २०५९

छैठौ संशोधन (२०६७/१०/९) परिच्छेद १७ को दफा ९४ मा प्र.अ. को काम, कर्त्तव्य र अधिकार देहाय बमोजिम उल्लेख गरिएको छ :

विद्यालयमा शैक्षिक वातावरण, गुणस्तर, अनुशासन कायम राख्ने ,

विद्यालयका शिक्षक तथा कर्मचारीहरुसँग समन्वय गरी शिक्षक, कर्मचारी, विद्यार्थी र अभिभावकहरुबीच पारस्परिक सहयोगको वातावरण सिर्जना गर्ने,

विद्यालयमा अनुशासन, सच्चरित्रता, शिष्टता कायम गर्न आवश्यक काम गर्ने,

शिक्षककहरुसँग परामर्श गरी विद्यालयमा कक्षा संचालन सम्बन्धी कार्यक्रम तयार गर्ने तथा त्यस्तो कार्यक्रम बमोजिम कक्षा सञ्चालन भए नभएको निरीक्षण गर्ने,

विद्यालयमा सरसफाइ, अत्तिरिक्त क्रियाकलाप आदिको प्रबन्ध गराउने ।

विद्यालयको प्रशासनिक कार्यको संचालन तथा नियन्त्रण गर्ने ।

विद्यालयमा विद्यार्थी भर्ना गर्ने तथा परीक्षा संचालन गराउने ।

विद्यार्थीलाई स्थानान्तरण तथा अन्य प्रमाण दिने ,

विद्यालयमा भए गरेका महत्वपूर्ण काम कारवाहीको अभिलेख राख्ने,

कुनै शिक्षकले जानीजानी वा लापरवाहीसाथ कुनैकाम गर्नाले विद्यलायलाई हानि नोक्सानी पर्न गएमा त्यस्तो हानी नोक्सानी रकम तलबबाट कट्टा गरी असूल गर्ने ,

विद्यालयको आफ्नो क्षेत्रबाट खर्च व्यहोर्ने गरी नियुक्त भएका शिक्षकहरुको कार्यसम्पादन मूल्याङ्कन फारम भरी व्यवस्थापन समितिमा पेश गर्ने,

*स्रोत : शिक्षा नियमावली २०५९ छैठौं संशोधन*

माथि उल्लिखित “क” देखि “ ष ” सम्मको जम्मा ३१ वटा बुँदाहरुमा प्र.अ. को काम, कर्त्तव्य र अधिकारमा कही कतै पनि बालमैत्री शब्द पाइएन । पहिलो ‘क’ बुँदामा शैक्षिक वातावरण, गुणस्तर र अनुशासन कायम राख्ने उल्लेख भएता पनि बालमैत्री शब्द समेत शिक्षा नियमावलीमा पाइएन । विद्यालयमा गुणस्तर साथसाथै बलमैत्रीपन अपनाउन, बालकेन्द्रित शिक्षण विधिद्वारा शिक्षण गर्न गराउन प्र.अ. को भूमिका महत्वपूणै हुन्छ नै । यसर्थ शिक्षा नियमावलीमा छैठौं संशोधन गरिसक्दा पर्नि बालमैत्री सम्बन्धी उत्साहप्रद व्यवस्था गरिएको पाइदैन । बालमैत्री विद्यालयमा बाल अधिकार सहितको शिक्षण क्रियाकलापलाई सुनिश्चित गर्न प्र.अ. को भूमिका अत्यन्तै बढी एवं महत्वपूणै हुने हुँदा शिक्षा नियमावलीमा पनि बालमैत्री विद्यालयमा प्रअ.को भूमिकालाई समेटिनु पर्ने देखिन्छ ।

### ४.१.३. सरोकारवालाहरुको सहयोगमा विद्यालयको स्व-मुल्याङ्कन विवरणमा प्र.अ.को भूमिका :

**तालिका ३ : जनता नि.मा.वि. घलेटोल बस्तीपुर - ४ सिरहाको वर्तमान अवस्था**

| | | |
|---|---|---|
| १. | प्रभावकारीता | ६१.६७% |
| २. | समावेशीकरण | ७७.७८% |
| ३. | शिक्षामा लैङ्गिक पक्ष | ७५.९१% |
| ४. | बालबालिका, परिवार र समुदायको सहभागिता | ६४.२९% |
| ५. | स्वास्थ्य, सुरक्षा र बचाबट | ६५.३८% |
| ६. | विद्यालयको भौतिक अवस्था | ४५.४५% |
| ७. | शिक्षण सिकाई प्रक्रिया | ६१.६७% |
| ८. | मातृभाषामा शिक्षण सिकाई | ४२.५६% |
| ९. | विद्यालय व्यवस्थापन | ९०.००% |

स्रोत : स्थलगत भ्रमण, २०७१

माथिको तालिका अनुसार गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप (२०६७) का सूचकहरुको आधारमा श्री ज. नि. मा.वि. घलेटोल वस्तीपुर-४, सिरहाका सरोकारवालहरु प्र.अ., शिक्षकहरु, वि.व्य.स., अभिभावकहरु, विद्यालयहरुले गरेको स्व.मूल्याङ्कनको विवरण अनुसार अपेक्षित मापदण्ड पूरा भइनसकेको पाइयो । विद्यालयले तयार पारेको विधालय सुधार योजना **(School Improvement plan)** पुस्तिकामा उल्लेखित माथिको तालिका अनुसार विद्यालयको भौतिक अवस्था र मातृभाषामा शिक्षण सिकाई क्रमश : ४५.४५%, र ४२.५६% मात्र देखिन्छ ।

बालबालिकाहरुले सुरक्षित वातावरणमा मातृभाषामा बोल्न, सिक्न, लेख्न र पढ्न पाउने अधिकारलाई सुनिश्चित गर्न पनि बालमैत्री विद्यालयले विद्यालयको भौतिक पूर्वाधार र मातृभाषमा शिक्षण सिकाईमा अझ जोड दिनुपर्ने देखिन्छ, जुन तालिकामा अत्यन्त न्युन प्रतिशत देखिन्छ । विद्यालयको बालमैत्री विद्यलयका नौ उपागमहरु मध्ये विद्यालय व्यवस्थापन ९०% बाहेक अन्य पक्षहरु सन्तोषजनक देखिदैन । अझ स्थलगत भ्रमणमा पनि के देखियो भने जुन तालिकाको ६ न.. बुँदामा विद्यालयको भौतिक अवस्था अन्तर्गत छ, विद्यालयको चारैतिर घेरबार नभएको, विद्यालयको जग्गा मिचेर विद्यालय अगाडि नै २ वटा घरहरु बनेको, एउटा मात्र शौचालय भएको, ग्रीलगेट नभएको र झ्याल ढोकाको पर्याप्त मर्मत नभएको पाइयो । विद्यार्थीले बालकेन्द्रित क्रियाकलापसहित सुरक्षित बातावरण सिक्न पाउनु अधिकारमा आधारित उपागम (Right based approach) मा पर्छ ( *गौतम, २०६९ माघ*)

बालमैत्री शिक्षण कार्यक्रमलाई सफल पार्न सेभ द चिलड्रेन U.S.A. सिरहा, जाइका जापान, जि.शि.का., भवानी एकिकृत क्लब, भवानीपुर REST लगायतले विभिनन सहयोग गरेको पाइयो । शिक्षक कपिन्द्र महतोका अनुसार जाइकाले दुई कोठे एउटा पक्की पवन, सेभ द चिल्ड्रेनले मर्मत, प्लाष्टर, रंगरोगन, भवानी एकीकृत क्लबले शान्ति क्षेत्र घोषणमा सहयोग, जि.शि.का. ले अन्य भौतिक पूर्वाधारमा सहयोग गरेको हो, यसैगरी REST ले बालबालिकाहरुलाई ड्रेस, कापी, झोला, छाता सहयोग गरेको हो ।

प्र. अ. को सक्रिय भूमिका, वि.व्य.स. को काम, कर्त्तव्य तथा अभिभावकहरुको सहभागिताले अपेक्षित मापदण्ड पूरा गर्नुपर्ने देखिन्छ ।

### ४.१.४ गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप (२०६७) का सूचकहरुको आधारमा प्रा.वि. वस्तीपुरका सरोकारबालाहरुको सहयोगमा प्र.अ.को भूमिका :

**तालिका ४ : प्रा.वि. बस्तीपुर - ८, सिरहाको अवस्था**

| क.सं. | बालमैत्री विद्यालयका उपागमहरु | २०६९ | २०७० | २०७१ |
|---|---|---|---|---|
| १. | प्रभावकारीता | ७५% | ८०% | ८५% |
| २. | समावेशीकरण | ७५% | ८०% | ८५% |
| ३. | शिक्षामा लैङ्गिक पक्ष | ५९% | ७०% | ७५% |
| ४. | बालबालिका, परिवार र समुदायको सहभागिता | ५२% | ६०% | ७०% |
| ५. | स्वास्थ्य, सुरक्षा र बचाबट | ५०% | ६०% | ७५% |
| ६. | विद्यालयको भौतिक अवस्था | ५०% | ६५% | ७५% |
| ७. | शिक्षण सिकाई प्रक्रिया | ५०% | ६०% | ७०% |
| ८. | मातृभाषामा शिक्षण सिकाई | ५०% | ६०% | ७०% |
| ९. | विद्यालय व्यवस्थापन | ६९% | ७५% | ८०% |

स्रोत : *SIP पुस्तिका, स्थलगत भ्रमण २०७१*

माथिको तालिकामा उल्लेखित विवरण अनुसार गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप (२०६७) का १०४ वटा सूचकहरुको आधारमा ९ उपागमहरुमाथि श्री प्रा.वि. बस्तीपुर-८, सिरहाका सरोकारवालाहरु प्र.अ., शिक्षकहरु वि.व्य.स., अभिभावकहरु, विद्यार्थीहरुले गरेको स्वमूल्याङ्कनमा २०६९ सालदेखि २०७१ सम्मको अपेक्षित लक्ष्य क्रमश : अभिबृद्धि भइरहेको देखिन्छ । उक्त विद्यालयले २०६९ सालदेखि २०७३ सालसम्मबो पञ्चवर्षिय विद्यालय सुधार योजना पुस्तिकामा अधिकत्तम लक्ष्य हासिल गर्ने अपेक्षा राखेको पाइयो । यहाँ भने हाल २०७१ साल सम्मको वर्तमान अवस्थाको आँकाडा अनुसार शिक्षामा लैङ्गिक पक्ष, बालबालिका, परिवार र समुदायको सहभागिता, स्वास्थ्य, सुरक्षा र बचावट जस्ता पक्षहरुमा विद्यालयले अझ सुधार गर्नुपर्ने देखिन्छ । यसैगरी विद्यालयको भौतिक अवस्था, शिक्षण सिकाइ प्रक्रिया र मातृभाषामा शिक्षण सिकाई क्रमश :

७५%, ७०%, ७०% देखिन्छ । कक्षा १ देखि कक्षा ५ सम्म जम्मा विधार्थी संख्या २४५ जना रहेका छन् । बाल विकास केन्द्र नहुँदा विद्यार्थी एकैचोटी कक्षा-१ मा भर्ना हुँदा विद्यार्थीको पृष्ठभूमि कमजोर भएकोले पाठ्यक्रम अनुसारको परिपक्वता नहुँदा विद्यार्थी संख्या ११ जना विद्यालय छाड्ने ८ जना टिकाउदर ५ प्रतिशत र उत्तीर्ण दर ५० प्रतिशत रहेको छ भने कक्षा दोहऱ्याउने १ जना मात्र रहेको छ । कक्षा १ देखि ५ सम्मको औषत उपलब्धि ६५.२% रहेको छ । त्यस्तै शिक्षक २, महिला शिक्षक ३ र परिचर १ रहेको मध्ये १० महिने तालिम प्राप्त ४ जना हरेका छन् । विद्यालय संचालन १-५ सममको औषत दिन , ५- १८ दिन, वार्षिक औषत दिन ५२, विधालय खुलेको दिनको मासिक औषत १.३६ र बार्षिक औषत दिन १३.६२ मात्र रहेको छ । शिक्षकहरुको हाजिरी मासिक औषत दिन २१ र वार्षिक औसत २१० रहेको छ ।

विद्यालयको भौतिक पूर्वाधार हेर्दा विद्यालय भवन, कोठा कक्षा १ र कक्षा - २ का कार्पेट र वालपेन्ट समेत भएको पाइयो  भने बाँकी कक्षामा फर्निचरको राम्रो व्यवस्था, छात्र र छात्राको छुट्टाछुट्टै शौचालय, विधालयमा कम्पाउण्ड वाल, सानो खेल मैदान समेत रहेको पाइयो । प्रयोगशाला तथा पुस्तकालय भवन नभएको अर्थात अपर्यात देखिन्छ । विद्यालयको पुरानो भवन ३ कोठा र थप २ कोठा गरी जम्मा ५ कोठा मर्मत गर्नुपर्ने, खेलमैदानमा माटो पुर्नुपर्ने लगायतका भौतिक सुविधाको पर्याप्तताका लागि स्रोत जुटाउन प्र.अ. को सक्रियता आवश्यक देखिन्छ ।

विधालयको व्यवस्थापकीय प्रबन्धलाई हेर्दा शिक्षा नियमावली अनुसार वि.व्य.स. गठन, शिक्षक अभिभावक संघ गठन, प्र.अ. को नियुक्ति, प्रत्यक दुई महिनामा बैठक, श्रोतव्यक्तिबाट विद्यालय निरीक्षण, अनुगमन जस्ता कुराहरु भएको देखिएता पनि यिनीहरुको समाष्टिगत मूल्याङ्कन गर्दा अवस्था न्युन रहेको पाइयो । त्यस्तै सामाजिक लेखा परीक्षण, चौमासिक रुपमा सरोकारबालाहरु बीच समन्वयको व्यवस्था, आचारसंहिताको व्यवस्था, वि.व्य.स. र शि.अ.संघबाट विद्यालय भ्रमण र अवलोकन, वार्षिक शैक्षिक पात्रो, विधालयमा प्राथमिक उपचार बाकसको व्यवस्था, विधार्थीहरुलाई नियमित स्वास्थ्य परिक्षण, जुकाको औषधी वितरण, खोपको व्यवस्था, दिवा खाजाको व्यवस्था, आन्तरिक क्रियाकलापहरु हुने गरेको पाइयो । विधुत जडान तथा विधुतीय सामाग्री तथा अन्य सुविधाको व्यवस्था, साइनबोर्ड, शैक्षिक भ्रमण, बाल क्लब गठन, क्षमता अभिबृद्धि तालिम नभएको शिक्षकहरुको अन्तर्वार्ता तथा भनाइबाट पाइयो ।

शैक्षिक सामाग्रीको व्यवस्थापनलाई हेर्दा उक्त विधालयमा तहगत विषयगत पाठ्यक्रम उपलब्ध रहेको, विधार्थीलाई विषयगत पाठ्यपुस्तक उपलब्ध भएको, विषयगत शिक्षक निर्देशिका पर्याप्त नभएको, सन्दर्भ सामाग्री समेतको पुस्तकालय नभएको, खेलकुद सामाग्री पर्याप्त नभएको, विज्ञान, स्वास्थ्य, शारीरिक विषयका उपकरण साामाग्री नरहेको अवस्था पाइयो ।

विधालयलाई जि.शि.का. को सरकारी अनुदान र सहयोग बाहेक समुदाय वा अन्यसंघ संस्थाबाट कुनै आर्थिक सहयोग उपलब्ध नभएको र विधालय स्थापित जग्गा विधालयको नाउँमा नरहेको पाइयो । समुदाय र विभिन्न संघ संस्थाको सहयोग जुटाउन, विधालयको भौतिक पूर्वाधार, मर्मत सम्भार तथा खेलकुद सामाग्रीहरुको पर्याप्त व्यवस्था गर्न प्र.अ.को सक्रिय भूमिका आवश्यक देखिन्छ । यसैगरी विधालयमा बाल केन्द्रित शिक्षण क्रियाकलाप भए नभएको अनुगमन, शिक्षकहरुको मूल्याङ्कन, विधालयप्रति सरोकारवालाहरुको रुचि बढाउने क्रियाकलापहरुमा अभिवृद्धि गर्न प्र.अ. अत्यन्तै क्रियाशील र तत्पर हुनुपर्ने देखिन्छ ।

## ४.२ बालमैत्री विद्यालयको गुणस्तरीय शिक्षामा असर पार्ने तत्वहरु :

विद्यालयको पठन पाठनमा बालमैत्री अभ्यास, बालकेन्द्रित शिक्षण विधि अपनाउन सकेको खण्डमा बालमैत्री विद्यालयको गुणस्तरमा सुधार हुने अवधारणाका साथ गरिएको यो अनुसन्धान मुलतः बालमैत्री विद्यालयका प्र.अ., वि.व्य.स. अध्यक्ष, छात्रछात्राहरु, शिक्षकहरु अभिभावकहरु, श्रोतव्यक्तिलाई गरिएका प्रश्नहरु, अन्तर्वार्ता प्रश्नावली लिइएका बालमैत्री विद्यालयको गुणस्तरीय शिक्षामा असर पार्ने तत्वहरुलाई उहाँहरुकै भनाइलाई तलको तालिकामा उतारी विश्लेषण गरिएको छ ।

अनुसूचि ८ मा दिइएको तालिका अनुसार उल्लेखित विवरणलाई अध्ययन गर्दा गुणस्तरीय शिक्षाका ािग बालमैत्री विधालयमा असर पार्ने तत्वहरुमा विधार्थीको उमेर, विद्यालयको दूरी, शिक्षक र विधार्थी अनुपात, कक्षाकोठा र विधार्थी अनुपात, विधार्थीको उमेरको अन्तर र शारीरिक भिन्नता, शैक्षिक सामाग्रीको प्रयोग, भौतिक सुविधा, निरीक्षण, अनुगमन, पेशागत सन्तुष्टि, मातृभाषाको ज्ञान, कक्षा परीक्षाको निरन्तरता देखिन्छ । यसैगरी बालबालिकाले निर्धक्क रुपमा रमाइलो बातावरणमा सिक्न पाउनु हो । सन्दर्भ सामाग्रीको उपलब्धता, विधार्थीको नियमितता, सम्बन्धित विषयबस्तुप्रतिको झुकाब, अभिभावकको चेतनास्तर, विधालयमा बाहिरी हस्तक्षेप, तल्लो कक्षाको

सिकाई उपलब्धि, शिक्षकको तालिम र शैक्षिक योग्यता, शिक्षक-विधार्थीमा शैक्षिक सामाग्री निर्माण र प्रयोग गर्ने कौशल लगायतका तत्वहरुले बालमैत्री विधालयको गुणस्तरीय शिक्षामा असर पारेका छन् । घरपरिवार तथा समुदायको जातीय बनोट, विधालयमा राम्रो बातावरण, शिक्षकको पेशागत संगठनमा संलग्नता, विधार्थीसँगको सम्बन्ध, परिवारको संख्या र आम्दानी स्रोत, खाजा तथा खानाको नियमितता र पोषणको स्थिति, शिक्षकको उमेर र लैङ्गिक पक्ष, शिक्षकको अनुभव, विधालयको भौतिक पूर्वाधार जस्ता कुराले पनि बालमैत्री विद्यालयको गुणस्तरीय शिक्षामा असर गरेका हुन्छन् । विद्यालयमा खेल्न पाउने, बाबुआमाबाट पढाइमा सहयोग, विद्यार्थीले घरपरिवार तथा शिक्षकहरुबाट पाउने माया, रमाइलो बातावरण, कक्षाकोठामा राम्ररी बस्न, पढ्न र खेल्न पाउने, गीत गाउने, नाच्ने, स्कुलमा खाजा खाने, सधैं स्कुल जान मन लाग्ने बातावरणले बालमैत्रीपनलाई झल्काउँछ । यसैगरी सामाजिक अवस्थ, घरायसी काम, घरमा रेडियो टिभी, मोबाइलको सुबिधा, विद्यार्थीले घरको काममा दिनुपर्ने समय, शैक्षिक, आर्थिक र राजनितीक कारण, अभिभावकको चेतनास्तर, शिक्षाको अवस्था र पेशा, घरपरिवार र समाजमा बोलिने भाषा, जि.शि.का. बाट निरीक्षण वि.व्य.स. लाई दायित्व बोघ जसता कुराहरुले पनि बालमैत्री विद्यालयको गुणस्तरीय शिक्षामा असर गरेका छन् । शिक्षण-सिकाइ क्रियाकलाप, पाठ्यपुस्तकको सहज उपलब्धता, विद्यार्थीको व्यक्तिगत गुण तथा अभिवृत्ति, कक्षा क्रियाकलापमचा विद्यार्थीको सहभागिता, खेल तथा शैक्षिक सामाग्रीहरुको पूर्णता, उत्प्रेरण, वि.व्य.स. को निगरानी, निरन्तर मूल्याङ्कन प्रक्रिय, बालमैत्री र टिपिडि (TPD) तालिम, पेशागत प्रतिवद्धता, निरीक्षण, अनुगमन, विभिनन संघ संस्थाको सहयोग जस्ता कुराहरुले पनि बालमैत्री विधालयको गुणस्तरीय शिक्षामा असर पारेका हुन्छन् ।

## ४.३ बालमैत्री विद्यालयमा देखिएका समस्याहरु

बालमैत्री विद्यालयको अर्थ बालबालिकाहरुले निर्धक्क रुपमा रमाइलो विधिमा सिक्न पाउनु हो । त्यसैले प्राथमिक तहलाई राम्रो पार्नका लागि सबैभन्दा पहिला त्यसलाई बालमैत्री बनाउनु पर्छ । बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप (२०६७) ले तोकेका ९ उपागमका १०४ ओटा न्यूनतम मापदण्ड पुरा गर्ने बाध्यात्मक व्यवस्था कडायका साथ कार्यान्वयन नगरिनु पनि प्रमुख समस्या हो । हुन त समस्यारहित आजको युगमा कहीपनि र कोहीपनि छैनन् । ती समस्याहरुको पहिचान गर्न र निरुपण समेत गर्न सकेको खण्डमा बालमैत्री विद्यालयमा सुधार हुने अवधारणका साथ यो अनुसन्धान गरिएको हो । यस सम्बन्धमा दुबै विद्यालयका प्र.अ., शिक्षकहरु, छात्रछात्राह,

अभिभावकहरु, वि.व्य.स. अध्यक्ष र स्रोत व्यक्तिहरुलाई गरिएका प्रश्नहरु, अन्तर्वार्ता? अनुसूचि - १ को विद्यालयको सर्भे फारामबाट आएका उत्तरहरुलाई निम्नानुसार विश्लेषण गरिएको छ ।

## ४.३.१. प्र.अ.को भनाइमा बालमैत्री विधालयका समस्याहरु

विधालयमा सुरक्षित वातावरणका लागि कम्पाउण्ड वाल (घेरबार) भएता पनि मूल गेट छैन । विधार्थीहरुको बार्षिक औसत उपस्थिति २१० दिनमा नियमित ५०% विद्यार्थीमात्र विद्यालय आउने गर्छन् । बाँकी ५०% नियमित र निरन्तर विधालय आउँदैनन् अनियमित छन् । विद्यालयमा सरोकारबालाहरु सक्रिय सहभागितामा पनि कमी छन् । उनीहरु बोलाए आउने, नबोलाए नआउने खालका छन् । हाल वि. व्य.स. को गठन भएको छैन् । पहिले कै समितिले काम गरिरहेका छन् । अब नयाँ वि.व्य.स. गठन गर्ने तयारीमा छौ. बालबालिकाहरलाई भौतिक, शारीरिक दण्ड/सजाय निषेध गरिएपनि कहिलेकाही डर देखाउन मिसहरुले हकारपकार सामान्य रुपमा मात्रै गर्छन् । विद्यालयको भवन भुकम्प निरोधक नै भएपनि झ्याल र टिनाको छानो मर्मत गर्नुपर्ने, पानी चुहिने भइसकेको छ । बालमैत्री कार्यक्रम लागू भएपछि खाजा खान पाउने लोभमा पनि विधार्थीहरु आउने गरेको र खाजा खाएपछि टिफिनमा जाने, घरको काममा जाने, विद्यालय नआउने विद्यार्थी संख्या ५०% छन् । मातृभाषा, क्षमता अभिबृद्धि, पुनर्ताजगी, बालमैत्री जस्ता तालिमहरु सबै शिक्षकहरुलाई दिइनु अनिवार्य छ । तालिममा पनि एक आधजना शिक्षकलाई मात्र पढाइदिनु भनने परिपत्र अनुसार केही शिक्षक मात्रले केही तालिम लिनु भएको छ । बालमैत्री कार्यक्रम यस विद्यालयमा २०६७ सालमा लागू भएको हो । बालमैत्री कार्यक्रम लागू भएपछि पहिले भन्दा तुलनात्मक रुपमा राम्रा सुधारहरु भएको छन् । जनता नि.मा.वि. घलेटोल वस्तीपुर-८ मा भने कम्पाउण्ड वाल (घेरबार) नभएको र शौचालय र कोठामात्र भएकोले समस्या भएको प्र.अ. बताउनुहुन्छ । पर्यापत सुधार आउन बाँकी नै छ ।

## ४.३.२. शिक्षकका अनुसार बालमैत्री विद्यालयका समस्या :

यस अध्ययनको अनुसूचि - ३ अनुसार शिक्षकहरु सँग सोधिएका प्रश्नावलीहरको आधारमा बालमैत्री विद्यालयका निम्न समस्याहरु पाइयो ।

विद्यालयमा वीचैमा कक्षा छाड्ने प्रा.वि. वस्तीपुर - ८ मा कक्षा १ मा ८ जना पाइयो । वस्तीपुर गाउँमा पनि बोडिङ्ग २ वटा स्कुल भएकोले बोडिङ्ग पढ्न अन्यत्र जान विद्यालय छाडेको पाइयो भने घलेटोलमा बीचमा कक्षा छाड्ने देखिएन । बरु नि.मा.वि. घलेटोलमा कक्षा १ मा भर्ना भउका सम्पूर्ण विद्यार्थी नियमित रुपमा प्राथमिक तह पूरा गरेको पाइयो । घलेटोलमा दलितः खत्वे, सदाय, विश्वकर्मा, दुसाद, राम, मल्लिक, मुखिया जातका छात्रछात्राहरु अध्ययन गर्छन् भने अन्यजातिमा यादब, कुशवाहा, साह, कोइरी, चौधरी, मिश्रा, बरही, ठाकुर छात्रछात्राहरु अध्ययन गर्छन । बालबालिकाहरु कोही १ कि.मी. कोही २ कि.मी. कोही कोही ३ कि.मी. टाढा सम्म बाट पढ्न आउँछन् । प्रा.वि. वस्तीपुर- ८ मा २ पुरुष ३ जना महिला शिक्षकहरु छन् भने नि.मा.वि. घलेटोलमा ४ जना सरकारी दरवबन्दीमा, १ जना पुरुष र २ जना महिला शिक्षकहरु हाल निजीस्रोतमा विद्यालयको आन्तरिक श्रोतबाट कार्यरत छन् । दुवै विद्यालयमा १/१ जना कार्यालय सहायक (परिचर) छन् । धेरैजसो अभिभावकहरु बालबालिकाको प्रगति बुझ्न विद्यालयमा आउँदैनन् । वर्षमा १ पटक जुका र भिटामिन ड्ड को औषधीमात्र विवरण हुन्छ भने तालिम प्राप्त स्वास्थ्यकर्मी बाट स्वास्थ्य परीक्षण गराइएको पाइएन । तालिममा सिकेका कुराहरु कक्षा कोठामा प्रायेग गर्ने गरिएता पनि शैक्षिक सामाग्रीहरुको अभाव हुने गरेको पाइयो । शौचालय चालु अवस्थामा भएपनि सरसफाइको अत्यन्तैकमी पाइयो । खानेपनीको समस्या खासगरी बैशाख, जेठ र असार (पानी नपरुञ्जेल), मातृभाषासंग सम्बन्धित अतिरिक्त क्रियाकलापहरु अत्यन्त न्युन हुने गरेको पाइयो । बालमैत्री सम्बन्धी छलफल, एजेण्डा र निर्णय हुने गरेको वि.व्य.स. मा हुने गरेको भन्ने कुरा शिक्षकहरुलाई थाहा नभएको पाइयो । यहाँ के कुरा प्रष्ट देखिन्छ भने शिक्षकहरुलाई तालिम, भौतिक पूर्वाधारको कमी, विद्यार्थी घट्दो उपस्थिति दर, शैक्षिक सामाग्रीहरुको कमी, विद्यार्थीको स्वास्थ्य परीक्षण नभएको शिक्षकको कमी ३ कि.मी. टाढा सम्म बालबालिकाहरु हिडेर जानुपर्ने समस्या, खानेपानीको समस्या, शौचालय फोहर र दुर्गान्धि, अभिभावकहरुको बालबालिका र विद्यालयप्रतिको चासो कम भएको पाइएको छ ।

### ४.३.३ वि.व्य.स. अध्यक्ष तथा अभिभावकको भनाइमा बालमैत्री विद्यालयका समस्या :

यस अध्ययनको अनुसूची - ५ अनुसार वि.व्य.स. अध्यक्षहरुसँग राखिएको प्रश्न र अन्तर्वार्ता अनुसार निम्न समस्याहरु पाइयो : अभिभावकको बार्षिक आम्दनी कम रहको, छोराछोरीहरुको संख्या बढी हुने गरेको, विद्यालयमा आफ्नो छोराछोरीको बारेमा जानकारी लिन जाने नगरेको, छोराछोरीहरु कोही पनि फेल नभएका, वि.व्य.स. समितिको वैठक नियमति नभई प्र.अ.को आवश्यक्ता अनुसार

हुने गरेको, कहिलेकाही गृहकार्य नगर्दा सजाय दिने गरेको पाइयो । छोराछोरीहरु विद्यालयमा पढन् जानेगरेको तर उपलब्धिप्रतिको सन्तुष्टि थाहा नभएको पाइो । विद्यलमयमा शि.अ. संघ गठन हने गरेको तर शिक्षक र अभिभाकहरुबीच बैठक हुने गरेको छैन भन्ने पाइयो । प्रा.वि. बस्तीपुर- ८ मा दिवा खाजाको व्यवस्था जि.शि.का. सिरहाको अनुदानमा हुने गरेता पनि नि.मा.वि. घलेटोल, वस्तीपुर- ४ मा भने ३ वर्षदेखि दिवाखाजाको कार्यक्रम जि.शि.का. ले अनुदान नदिएकोले स्थगित रहेको पाइयो । छात्रछात्राहरुले पुरस्कार, छात्रवृत्ति र पाठ्यपुस्तक पायने गरेतापनि ढिलोगरी मात्रै वितरण गर्ने गरेको पाइयो । छात्रछात्राहरुले पुरस्कार, छात्रवृत्ति र पाठ्यपुस्तक पाउने गरेतापनि ढिलोगरी मात्रै वितरण गर्ने गरेको पाइयो । शै.स. २०७१ को छात्रवृत्ति यो अध्ययन गरुन्जेलसम्म वितरण नगरेको पाइयो । विद्यलय, छोराछोरीको सिकाइ उपलब्धि र विद्यालयको समस्याप्रति अभिभावकहरु उदासिन रहने गरेको पाइयो । विद्यालयमा देखिएका समस्या समाधानका लागि अभिभावकहरुले कस्तो भूमिका खेल्नुपर्ला ? भनी राखिएको प्रश्नावलीको उत्तरलाई विभिन्न तरिकाबाट अभिभावकहरुले आ-आफ्नो ढङ्गबाट उत्तर दिएको पाइयो । कतिपय अभिभावकले समितिले गर्ने हो घरको कामले फुर्सद हुँदैन भनी उत्तर दिए भने कपियले जि.शि.का.ले समस्या समाधान गर्नुपर्ने, बजेट दिनुपर्ने, प्र.अ.ले बोलाए, खोजे आफूहरु विद्यालयलाई सहयोग गर्ने भनी प्रतिक्रिया दिए । वि.व्य.स. अध्यक्षले भनै आफूहरु विद्यालयको समस्या लिएर पटक-पटक जि.शि.का. मा डेलिगेशन लिएर गएको, शिक्षक माँग गरेको, भवन मर्मत, कम्पाउण्ड वाल माँग गरेको प्रतिक्रिया दिए ।

उल्लिखित उत्तरहरुको आधारमा के भन्न सकिन्छ भने कतिपय अभिभावकहरुले वि.व्य.स. ले विद्यालयको समस्या गर्नुपर्ने, अभिभावकहरुले वि.व्य.स. ले विद्यालयको समस्या गर्नुपर्ने, अभिभावकले समितिको छनौट गरिसकेपछि सबै दायित्व समितिको मात्रै हुने भन्ने अभिभावकको बुझाइ देखिन्छ । छोराछोरीहरु फेल नभएपछि सिकाइ उपलब्धिप्रति अभिभावकले चासो दिने नगरेको, बालमैत्री विधालयमा गृहकार्य नगरेपनि दण्ड सजाय दिनु हुन्न, निषेध गरिउको हुन्छ भन्ने जानकार नभएको देखिन्छ । प्रत्यक्ष कुराकानीका प्रक्रियामा समेत यो कुराको झलक देखिन्थ्यो । वि.व्य.स. का अध्यक्ष भने आफूहरु घरको कामधनदा छाडेर पनि ७०% समय विद्यालयलाई दिएको, जि.शि.का.मा पटक -पटक डेलिगेशन गएको, कहिले जि.शि.अ. ले भौतिक पूर्वाधारका लागि आश्वासन दिने गरेको, कतिपय दिन कार्यालयमा जि.शि.अ. नभेटिने गरेको गुनासो समेत अन्तर्वार्ताको क्रममा व्यक्त गरेको पाइएको छ । कतिपय अभिभावकहरुको वार्षिक आम्दानी कमी

भएको, घरको कामधन्दाबाट फुर्सद नहुने, विद्यालयले खोजे, बोलाए जाने नत्र नजाने गरेको देखिन आएको छ ।

शिक्षा नियमावलीले समेत शि.अ.संघ गठनको व्यवस्था गरेर अभिभावकहरुलाई पनि विद्यालयप्रति जागरुक एवं दायित्ववोध गर्नुपर्ने व्यवस्था गरेको छ । विद्यालयपैति वि.व्य.स. र प्र.अ.को मात्रै दायित्व नभएर समाजका हरेक अभिभावकहरुले पनि विद्यालयको समस्या, बालबालिकाहरुको सिकाइ उपलब्धि, विद्यार्थी र शिक्षकहरुको नियमितता र निरन्तरता, छात्रवृत्ति, पुरस्कार र पाठ्यपुस्तक बालबालिकाहरुले समय मै प्राप्त गरे नगरेको, खाजाको रुपमा पौष्टिक आहार खुवाएको नखुवाएको चनाखो रुपमा ध्यान दिनु पर्ने देखिन्छ । अभिभावकहरुले समितिलाई, समितिले प्र.अ. लाई विश्वास गरी सबै नियमित गरिहाल्छ नि भन्ने सम्मको अवस्था पनि देखिन आएको छ । अघिल्ला प्रश्नहरुको जानकारीसँग यी जानकारी केही हदसम्म विरोधभाष समेत देखिन्छन् । यी कुराबाट भावनात्मक रुपमा प्र.अ. तथा वि.व्य.स. अध्यक्ष अभिभावकहरुको सहभागिता र सहयोगको विषयमा नकारात्मक जानकरी उल्लेख गर्न नचाहेको आभाष पाउन सकिन्छ ।

## ४.३.४ लक्षित समूहका भनाइमा बालमैत्री विद्यालय :

यस अध्ययनको अनुसूचि - २ अनुसार लक्षित समूह विद्यालयका छात्रछात्राहरुसँग राखिएका प्रश्नावलीहरुका आधारमा बालमैत्री विद्यालयका निम्न समस्याहरु पाइयो ।

केही विद्यार्थीहरु विद्यालय आउन ३ कि.मि. टाढा पर्ने र केही घर नजिकै भएको पाइयो । शिक्षकहरुले कालो पाटीमा लेखेर पढाउने, कथा, कविता, चुटकिला भन्ने, गृहकार्य दिने, गृहकार्य नगर्दा कहिलेकाही सजाय दिने, हप्काउने गरेको पाइयो । विद्यालयमा बुबा आमा कहिलेकाही मात्र आउने गरेको, भिटामिन र जुकाको औषधी कहिलेकाही बाँडेको विद्यालय जान मन लाग्ने, शिक्षकहरु, मिहरुले नेपाली भाषमा पढाउने गरेका, विद्यालयमा चाकाचुली, पिङ चिप्लेटी लागयत खेलकुद सामाग्रीहरु नभएको, शिक्षकहरुसँग डर लाग्ने गरेको पाइयो । मातृभाषामा पढाउने नगरेको, विद्यालयमा चर्पी भएपनि खानेपानी -कल) नभएको, दिवा खाजा (नास्ता) मा प्रा.वि. वस्तीपुर - ८ मा मात्रै मुड़ी (भुजा), चना खाने गरेको पाइयो । नि.मा.वि. घलेटोलमा दिवा खाजाको व्यवस्था हाल नभएको पाइयो ।

लक्षित समूहको उल्लेखित उत्तरहरुबाट के प्रष्ट भन्न सकिन्छ भने केही विद्यार्थीहरु अहिले पनि ३ कि.मि. सम्म टाढाको बाटोबाट हिडेर आउने गरेको देखिन्छ । स-साना बाल बालिकाहरु हिडेर आउनु-जानु पर्दा थकाइले पनि सिकाइमा समस्या आउने देखिन्छ । बालमैत्रीपन, रमाइलो वातावरण, बालकेन्द्रित शिक्षण क्रियाकलाप, मातृभाषामा सिकाइ भएमा बालबालिकाहरु शिक्षकहरुसँग डराउँदैनन् बरु झुभिन्छन्, रमाउँछन् । शिक्षकहरुले गृहकार्य नगर्दा सजायदिने, हप्काउने कुरा बालमैत्री विद्यालयमा निषेध गरिएको छ तर, यहाँ बलाबालिकाहरु शिक्षकसँग डरलाग्ने, बुबाआमा विद्यालयमा कहिलेकाही मात्र आउने, विद्यालयकमा खेलकुद सामाग्रीहरु नभएको, खानेपनी (कल) को अभाव भएको बताउँछन् । दिवा खाजा बालमैत्री विद्यालयमा जि.शि.का.ले अनिवार्य उपलब्ध गराउनु पर्नेमा एउटा विद्यालयमा अनुदान दिइरहेको छ भने अर्को विद्यालयमा अनुदान बन्द गरेको अवस्था छ, जुन बालअधिकार सहितको शिक्षण कार्यक्रम परिलक्षित नभएको अवस्था पाइयो ।

**तालिका ६ : बालमैत्री विद्यालयमा देखिएका मुख्य समस्या पहिचान**

| क्र.सं. | सूचक समुह | मुख्य समस्या | समस्याको कारण |
|---|---|---|---|
| १. | कक्षागत विद्यार्थी प्रोफाइल | सेवाक्षेत्र भित्रका सवै बालबालिका विद्यालयमा भर्ना नभएका | सेवा क्षेत्रभित्र २ वटा निजी विद्यालय रहेको |
| २. | आन्तरिक क्षमताको अभाव | कम उमेरका विद्यार्थी भर्ना हुने | सेवा क्षेत्रभित्र वा विद्यालयमा बालविकास केन्द्र नहुनु । |
| ३. | विद्यार्थीको सिकाई उपलब्धि | सिकाइ उपलब्धि न्युन हुनु । | विद्यार्थी कक्षामा उपस्थित नुहनु बालविकासमा कमी |
| ४. | शिक्षक प्रोफाइल | शिक्षक संख्या कम हुनु | थप शिक्षक जि.शि.का. ले नपढाउनु । |
| ५. | विद्यालय संचालन व्यवस्था | विद्यार्थी उपस्थिति | चाड पर्व, भोजभतेर र |

| | | | |
|---|---|---|---|
| | | औसत रुपमा कम हुनु | गरिबीको कारण |
| ६. | भौतिक सुविधा व्यवस्था | कक्षाकोठा संख्या कम हुनु | पुरानो भवनको मर्मत नहुनु । |
| ७. | विद्यालय व्यवस्थापकीय प्रबन्ध | विद्यालयले गर्नुपर्ने क्रियाकलाप सम्बन्धी जानकारी नहुनु । | व्यवस्थापकीय पक्षमा कमी हुनु । |
| ८. | शैक्षिक सामाग्रीको उपलब्धता | शिक्षक तथा कोठाको अभाव वा अव्यवस्थित | भएको सामाग्री प्रयोगमा नआउनु । |
| ९. | श्रोत व्यवस्था | मर्मत र  निर्माण कार्य रकमको व्यवस्था नहुनु । | समयमा मर्मत संभार कार्य पुरा गर्न सापट लिनु । |

*स्रोत : SIP पुस्तिका, स्थलगत भ्रमण २०७१*

माथिमा तालिका अनुसार सेवा क्षेत्र भित्रका सवै बालबालिका विद्यालयमा भर्न नभएका, कम उमेरका विधार्थी पनि भर्न हुने गरेको सिकाइ उपलब्धि न्यून भएको शिक्षक सख्या कम भएको देखिन्छ । कक्षा कोठा संख्या कम हुनु व्यवस्थापन पक्षलाई विद्यालयले गर्नुपर्ने क्रियाकलाप सम्बन्धि जानकारी नहुनु, मर्मत र निर्माण कार्यका लागि रकमको व्यवस्था नहुनु मुख्य समस्याको रुपमा पाइयो । बालमैत्री विद्यालयमा उक्त समस्याहरु हुनुका कारण सेवा क्षेत्रभित्र नजिकै दुईवटा निजि विद्यालय हुनु विद्यालयमा बाल विकास केन्द्र नहुनु, थप शिक्षक जि.शि.का.ले नपठाउनु, पुरानो भवन मर्मत नहुनु चाड पर्व भोज भतेर गरिवीका कारण विद्यार्थी उपस्थिति औसत रुपमा कम हुनु व्यवस्थापकिय पक्षमा कमि हुनु भएको शैक्षिक सामाग्री पनि प्रयोगमा नआउनु समयमा मर्मत संभार कार्य पुरा गर्न सापट लिनु रहेका छन् ।

अनुसूचि ९ मा दिइएको तालिका अनुसार प्रा.वि. वस्तीपुर ८ मा पक्की भवन ३ वटा र कोठा जम्मा ७ वटा, छात्र/छात्राको कुल जनसंख्या १८०, महिला शिक्षक ३ र पुरुष शिक्षक ३ जना छन् । अनुसुची ३ अनुसार सोधिएको प्रश्नावलीमा पुरुष शिक्षक २ र महिला शिक्षक १ जना स्थायी र २ जना महिला शिक्षक मध्ये १ जना राहत शिक्षक र अर्की अस्थायी दरवन्दी शिक्षक रहेको पाइयो । दुई जना महिला शिक्षक अस्थायी पाइयो । फर्निचर संख्या ११५ वटा पाइयो । ज.नि.मा.वि. घलेटोलेको सहयोगी संस्थाहरु सेभ द चिल्ड्रेन, जाइका, रेस्ट, भवानी एकिकृत क्लब छन्भने प्रा.वि.

वस्तीपुर ४ को बालमैत्री कार्यक्रमका सहयोगी संस्था युनिसेफ र रेस्ट रहेका छन् । दुवै विद्यालयमा बालमैत्री कार्यक्रम शै.स. २०६७ देखि लागु भएको पाइयो र कक्षागत रुपमा १, २ र ३ का शिक्षकहरुले मात्र बालमैत्री तालिम लिएको पाइयो । ज.नि.मा.वि. घलेटोलमा २ महिला शिक्षक र ४ जना पुरुष शिक्षकहरु हुनुहुन्छ । त्यस मध्येपनि दुई जना महिला शिक्षक निजि स्रोतमा अस्थायी रुपमा कार्यरत हुनुहुन्छ । उक्त विद्यालयमा पक्की भवन ४ वटा र जम्मा कोठा ८ ओटा, १५० थान फर्निचर लगायत शैक्षिक सामाग्रीहरु क्यालेन्डर, फ्लासकार्ड, फ्लासबोर्ड, चार्ट, चक, डस्टर छन् ।

## ४.४ समस्या समाधानका सम्भाव्य उपायहरु :

विद्यालयका प्रअ. हरु नै विद्यालयका प्रमुख प्रशासक हुन् । उनीहरुले विद्यालयका धेरै कमी कमजोरीहरुलाई नजिकबाट नियालेका हुन्छन् । विद्यालयका हरेक समस्या देखि लिएर नीतिगत समस्या समेत उहाँहरुलाई नै बढी थाहा हुन्छन् । प्र.अ.हरुले शिक्षा नियमावलीमा व्यवस्था गरेको प्र.अ. को काम, कर्त्तव्य र अधिकार जिम्मेवारीपूर्वक इमान्दार भूमिका निर्वाह गर्ने हो भने अधिकाँश समस्या समाधान हुन्छ ।

बालमैत्री विद्यालयमा देखिएका भौतिक पूर्वाधारको कमीलाई पूर्णता दिन जि.शि.का.ले प्राथमिकमा राखेर मर्मत, भवन, घेरावार, शैक्षिक सामाग्री उपलब्ध गराउनुपर्छ । प्रअ. ले विद्यालयका लागि जि.शि.का., स्थानीय निकाय, विभिन्न संघसंस्थासँग सहयोग लिन वि.व्य.स., शि.अ. संघको नियमित बैठक राखेर उनीहरुको सहभागीता, रचनात्मक रहयोगका लागि प्र.अ.ले भूमिका खेल्नुपर्छ । बालमैत्री विद्यालय र बालकेन्द्रित सिकाइ प्रक्रियाबारे लैङ्गिक पक्षलाई ख्याल गरी सरोकारवालाहरुलाई समय-समयमा जानकारी दिने गरी छलफल, गोष्ठी, कार्यशाला, दिवसहरु नियमित रुपमा गर्नुपर्छ । यसका लागि प्र.अ. स्वयम् सक्रिय र सकारात्मक हुनुपर्छ । शिक्षक, विद्यार्थी, वि.व्य.स., अभिभावक, अन्य सरोकारवालहरुको आचार संहिता निर्माण र प्रयोग गर्नुपर्छ । बालबालिकालागि भौतिक रुपमा सुरक्षित, संवेगात्मक रुपमा रमाइलो, मनोवैज्ञानिक रुपमा उच्च मनोबल महसुस हुने वातावरण बनाउनुपर्छ ।

विद्यालय हाता भित्र तथा वरिपरी होहल्ला, कोलाहल, झै-झगडा, सभासमारोह, राजनीतिक सभा, भोज भतेर गर्न निषेध गर्नु, शिक्षकहरु सवैलाई तालिम दिने, मातृभाषामा शिक्षण क्रियाकलाप

गर्ने, बालबालिकाहरुको समूह निर्माण गरी बालकेन्द्रित क्रियाकलाप गर्ने, खेल, नाच गाँन, हाउभाउ, कथा, कविता, चुटकलिाद्वारा रमाइलो वातावरण शिक्षण क्रियाकलाप गर्ने, शिक्षा नियमावली संशोधन गर्नुपर्ने, बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप (२०६७) का १०४ सूचकहरुका आधारमा निर्मित ९ उपागमहरुका अधिकत्तम लक्ष्य हासिल गर्नु पर्ने देखिन्छ ।

वि.व्य.स., शैक्षिक व्यक्तित्व, स्रोतव्यक्ति, प्र.अ., शिक्षक, अभिभावक लागयतका सरोकारवालाहरुको उत्तर तथा स्रोतव्यक्तिले गरेका अवलोकनका आधारमा अनुभवहरुबाट उत्तर लिने यो अनुसन्धानको अभिप्राय भएअनुसार प्राप्त सुझावहरुमा भौतिक पूर्वाधार पूर्ण हुनुपर्ने, मातृभाषामा बालकेन्द्रित शिक्षण सिकाइ क्रियाकलाप हुनुपर्ने, सरोकारवालहरुको चासो र सहयोग अभिबृद्धि गर्नुपर्ने, प्र.अ. को सक्रिय र सकारात्मक भूमिका हुनुपर्ने, सबै शिक्षकहरु तालिम प्राप्त हुनुपर्ने, विद्यालयमा दण्ड सजाय निषेध हुनुपर्ने, सरोकारवालाहरु बीचको सहकार्यका लागि उत्तिकै जिम्मेवार हुने गरी अघिबढ्न शिक्षा ऐन, नियमावलीमा बालमैत्री विद्यालय छुट्टै तर स्पष्ट व्यवस्था गर्नुपर्ने रहेका छन् ।

# परिच्छेद : पाँच

# प्राप्ति, निष्कर्ष र सुझावहरु

सिरहा जिल्लाको वस्तीपुर उच्च मा.वि. वस्तीपुर श्रोतकेन्द्र अनतर्गतको बालमैत्री विद्यालय अध्ययन क्षेत्र रहेको अनुसन्धानकर्ताको **"गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालयमा प्र.अ.को भूमिका"** शीर्षकमा गरिएको अनुसन्धानबाट प्राप्त तथ्याङ्कको विश्लेषण गर्दा निम्नानुसारको प्राप्ति भएको, त्यसबाट निष्कर्ष निकालिएको र सोही आधारमा सुझावहरु प्रस्तुत गरिएको छ :

## ५.१ प्राप्ति

अध्ययनको क्रममा अनुसन्धानकर्तालै प्राप्त गरेका तथ्याङ्कहरुको संकलन, व्याख्या एवं विश्लेषणबाट प्राप्त भएका जानकारीहरु प्राप्ति हुन् । जुन निम्नलिखित छन् :

यस अध्ययन क्षेत्रभित्र परेका बालमैत्री विद्यालयहरुमा भौतिक पूर्वाधारको कमी वा अपर्याप्ता पाइएको छ । भौतिक पूर्वाधारको पर्याप्ता बालमैत्री विद्यालयको न्युनतम शर्त हो । न्युनतम भनेको सबैभन्दा कम हो । न्युनतम पनि भएन भने त्यो कार्यक्रम स्वतः असफल हुन्छ । बालमैत्री विद्यालयमा भौतिक पूर्वाधारको पूर्णता अनिवार्य शर्त हो ।

प्र.अ. को सक्रिय एवं क्रियाशील भूमिका तथा काम, कर्त्तव्य र अधिकारप्रति सचेत रहेको पाइएको छ । यो व्यवस्था शिक्षा नियमावलीमा निर्धारण गरिएको अनिवार्य व्यवस्था हो ।

बालकेन्द्रित शिक्षण क्रियाकलापमा कमी पाइएको छ । बालकेन्द्रित अर्थात सिक्ने केन्द्रित विधिमा सिकाउने गौण हुन्छ र सिक्ने प्रधान हुन्छ । सिकिने विषयवस्तु बालबालिकाहरुको रुचि, क्षमता, स्तर, आवश्यकता र परिवेश सुहाउँदो क्रियाकलापमुखी हुन्छ । यसमा सिक्नेलाई पहिला (Put in the learner's first) राखेर सिकाइ क्रियाकलाप गर्नु भनिन्छ । यसमा कमी पाइएको छ । सिक्ने, सिकाउने र सिकिने विषयवस्तु एक-अर्काका पुरक हुन् । परम्परागत सिकाइ शैलीमा शिक्षक केन्द्रित अर्थात् सिकाउने केन्द्रित विधि र तरिका प्रधान हुन्छ । सोही विधि प्रायजसो अपनाइएको पाइयो ।

शिक्षकले बालबालिकाको मनोविज्ञान अनुसार खेल सामाग्री, चुटकिला, गीत, कथा, कविता, नाच, हाउभाउ, गरेर-गराएर पठनपाठन गरेको कम पाइएको छ ।

विद्यालयमा खेलकुद सामाग्री, कक्षा कोठाको कमी, योग्य र गतिलो शिक्षकको कमी पाइएको छ ।

विद्यालयमा कम उमेरका विद्यार्थी भर्ना हुने गरेका छन् । सेवाक्षेत्रभित्र बालविकास केन्द्र नभएकोले कलिला नानीहरु भर्ना हुने गरेको पाइएको छ, जसले गर्दा बालमैत्री विद्यालयमा बालमैत्रीपन, रमाइलो बातावरणमा सिकाइ गर्नु पर्ने देखियो ।

शैचालय फोहर र दुर्गन्धित पाइयो । विद्यालयको वातावरण सुरक्षित राख्न घेरबार (कम्पाउण्ड, प्रवेशद्वार (ग्रीलगेट) नभएको पाइयो ।

गरिबी, चाडपर्व, भोजभतेरका कारण विद्यार्थीको उपस्थिति औसत रुपमा कम पाइएकोछ ।

विद्यालयको वर्तमान अवस्थाप्रति प्र.अ., शिक्षकहरु, वि.व्य.स., अध्यक्ष, अभिभावक, श्रोतव्यक्ति कोही पनि सन्तुष्ट नरहेको पाइयो । साथै सवै पक्ष यो अवस्थाको परिवर्तनका लागि बालमैत्री विद्यालयका नीतिगत रुपमै सुधार गरी लागू गर्नुपर्ने पक्षमा हुनु हुन्छ भन्ने कुरा देखियो ।

यो अध्ययनले देखाए अनुसार वि.व्य.स., शि.अ.संघ र अभिभावकहरुको सक्रियमा भूमिका प्राय : निष्कृय रहको छ र प्र.अ. ले उनीहरुलाई पनि हरेक क्रियाकलापमा सहभागी गराउन नसकेको पाइएकाले प्र.अ. भूमिका प्रशंसनीय देखिएन । बालमैत्री विद्यालयका सेवाक्षेत्रभित्र निजी विद्यालयहरु (बोडिङ्ग स्कुल) पाइयो । ग्रामीण क्षेत्रमा पनि निजी विद्यालयको प्रभाव बालमैत्री विद्यालय तथा सामुदायिक विद्यालयमा परेको देखियो ।

गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालयका उपागमहरु प्रभावकारिता, स्वास्थ्य सुरक्षा र बचाबट, विद्यालयको भौतिक अवस्था, शिषण सिकाइ प्रक्रिया, मातृभाषामा शिक्षण सिकाइ तथा विद्यालय व्यवस्थापन माथि सरोकारवालाहरुले गरेको स्व. मूल्याङ्कन बाट पनि विद्यालयको वर्तमान अवस्था सन्तोष जनक नरहेको पाइएको छ । भौतिक पूर्वाधार, शिक्षण सिकाइ, मातृभाषामा शिक्षण, स्वास्थ्य सुरक्षा र बचावच जस्ता पक्षहरुमा प्रशस्त सुधार गर्नुपर्ने देखियो ।

गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालयको अनिवार्य व्यवस्था नीतिगत तहमा गरी शिक्षा नियमावलीमा समावेश नगरेको पाइयो । शिक्षा नियमावली २०५९ को छैठौ संशोधन भइसक्दा पनि नियमावली भित्र कही कतै बालमैत्री शब्द पाइएन ।

बालमैत्री विद्यालयका धेरैजसो शिक्षकहरुलाई क्षमता अभिबृद्धि, बहुभाषिक, बालमैत्री, मातृभाषा जस्ता तालिमहरु नदिइएको पाइयो । तालिम प्राप्त र योगय शिक्षकको अभावमा अर्थपूर्ण सिकाइ क्रियाकलापमा कमी रहेको पाइयो ।

## ५.२ निष्कर्ष :

सिरहा जिल्लाको वस्तीपुर श्रोतकेन्द्र अन्तर्गतका बालमैत्री कार्यक्रम लागू भएका विद्यालयहरुमा “गुणस्तरीय शिक्षाका लागि बालमैधी विद्यालयमा प्रअ.को भूमिका” शीर्षकमा गरिएको यो शोध कार्यमा निर्धारित प्राप्त जानकारीका आधारमा निष्कर्ष स्वरुप भन्न सकिन्छ कि सन् १९९० पछि सबै बालबालिकालाई आकर्षित गर्न विद्यालयहरु आकर्षक र सुविधा सम्पन्न हुनुपर्छ भनने **(Post Jomtien)** अवधारण आयो । त्यसपछि पनि बालबाकिलाको एउटा समूह विद्यालय आउन नसकेपछि बालअधिकार र राज्यको दायित्व अन्तर्गत छात्रवृत्ति, सहुलियत, अवसर लगायत आदि उपलब्ध गराइ सबैलाई भर्ना गरी तिनको शैक्षिक अधिकार सुनिश्चित गर्नुपर्छ भन्ने **(Post Dakar)** अवधारण आएको हो ।

बालमैत्री विद्यालय र तिनका विद्यार्थीको अपेक्षित मापदण्ड र गुणसम्बन्धी बुझाइ पनि अनौठो देखिन्छ । बालमैत्री विद्यालयका विद्यार्थीहरु सहयोगी र व्यावहारिक हुन्छन्, हरेक क्रियाकलापमा सहभागी हुन्छन् आपसी छलफल र अन्तरक्रियाबाट समस्या समाधान गर्न सक्छन्, तिनको आत्मसम्मान र आत्मबल बलियो हुन्छ र तिनलाइ आत्मविश्वासी बनाउनु पर्छ । यी र यस्तै गुणहरुको विकास गराउने हो भन्ने कुरा सरोकारबालाहरु प्र.अ., अभिभावक, शिक्षक, वि.व्य.स. सवैले बुझ्नु र तदनुरुप व्यवहारमा उतार्नु जरुरी देखिन्छ ।

बालमैत्री विद्यालय विद्यार्थीका लागि शारीरिक, मानसिक र संवेगात्मक रुपमा सुरक्षित हुनुपर्छ । भौतिक पूर्वाधारको पर्याप्तता र पूर्णता हुनुपर्छ । प्र.अ. र शिक्षकहरुको असल व्यवहार र

सजग सुझबुझबाट मात्रै यो सम्भव हुन्छ । तर विद्यालयहरुमा यस्ता कुराहरुमा खासै ख्याल गरिएको पाइदैन ।

बालमैत्री विद्यालयमा बालकेन्द्रित शिक्षण क्रियाकलाप, बालबालिकाको सिकाइ उपलब्धिको मूल्याङ्कन गर्ने पूर्ण जिम्मेवारी शिक्षकको हुन्छ । तर यो योग्य र तालिम प्राप्त शिक्षकको अभावमा 'आकाशको फल आँखा तरी मर' भने झै हुन जान्छ । विद्यालयको नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन र मूल्याङ्कनमा बालबालिका, अभिभावक शिक्षक र समूदायलाई प्रत्यक्ष सहभागी गराउनु बालमैत्री विद्यालयको प्रमुख विशेषता तथा सूचक हो । यसैगरी प्रभावकारिता, सहभागिता, समावेशीकरण, लैङ्गिक पक्ष, मातृभाषामा शिक्षण सिकाइ, भौतिक पूर्वाधार, स्वास्थ्य सुरक्षा र बचाचट तथा विद्यालय व्यवस्थापन बालमैत्री बिद्यालयका उपागमहरु हुन् । यी ९ वटा पक्षहरु पूर्ण सुधार र व्यवस्थित हुनु जरुरी छ ।

सबै विद्यार्थीलाई समान व्यवहार, माया र आदर गर्ने तथा विद्यार्थीका अगाडि नमूना भएर विद्यार्थी कै क्षमता, चाहना गति र आवश्यक्ताका आधारमा तयारीका साथ सजायरहित शिक्षण गर्नेकुरा बालमैत्री विद्यालयका शिक्षकहरुका लागि अनिवार्य शर्त हो । यस्ता कुराहरु आफूमा विकास गर्न र कार्यान्वयन गर्न शिक्षकले न त थप रुपैयाँ खर्च गर्नुपर्छ न थप समय र भार नै पर्छ । यस्ता कुराहरु धेरैजसो विद्यालयमा गम्भीर रुपमा लागू भएको पाइँदैन ।

बालमैत्री विद्यालय विद्यार्थीका लागि पूर्ण हुनुपर्दछ । किताबी ज्ञानमात्र स्कुलमा हासिल गर्ने र अन्य कुराहरु अन्त कतै सिक्नुपर्ने अहिलेको अवस्थाको अत्यन्त जरुरी छ । विद्यार्थीहरुमा स्व-व्यवस्थापन क्षमता, स्व-मूल्याङ्कन क्षमता, समालोचनात्मक सोचाइ सीप, समस्या समाधन र निर्णय गर्ने क्षमता, वकालत गर्ने क्षमता, समूह कार्य र सहयोग , समानुभूति, अन्तरवैयक्तिक सञ्चार सीप, समझदारी र इनकार गर्ने जस्ता जीवनोपयोगी सीप तथा स्वस्थ व्यवहारहरुको विकासमा विद्यालयले नै ध्यान दिनुपर्दछ । यसमा प्र.अ. को जिम्मेवार एवं महत्वपूर्णी भूमिका हुनुपर्छ अनि शिक्षकको इच्छाशक्ति र व्यवहरबाट मात्रै यो सम्भव हुन्छ ।

बालमैत्री कक्षा व्यवस्थापन अन्तर्गत प्रत्येक कक्षाकोठालाई सुरक्षित, आकर्षक, स्वागतयोग्य र व्यवस्थित तथा रमाइलो बनाउनु जरुरी छ । विद्यालयका चर्पीहरु स्वच्छ र सफा राखनु पनि त्यत्तिकै जरुरी छ ।

निष्कर्षमा के भन्न सकिन्छ भने बालमैत्री विद्यालयलाई सबै सरोकारबालाहरुले पूर्ण रुपमा बुझेको र बुझेकाले आत्मसात गरेको पाइदैन । यसलाई कसैले आँशिक रुपमा बुझेका छन् भने कसैले सतही रुपमा (only for knowledge shake) लिएका छन् । राम्रोसँग बुझेकाले पनि पेशागत दक्षता र सृजनात्मक क्षमताको अभावमा सही र बाञ्छित व्यवहार देखाएको पाइदैन । अव हाम्रा प्रयत्नहरु बालमैत्री विद्यालयको पूर्ण अवधारणा बुझ्ने, बुझाउने र तिनको स्वस्फूर्त कार्यान्वयन गर्ने, गराउने कुरामा केन्द्रित गर्नु जरुरी छ । बालअधिकारको सुनिश्चितता तथा गुणस्तरीय शिक्षाको प्रत्याभूति बालमैत्री विद्यालयमा मात्रै सम्भव हुन्छ । यसको कुनै विकल्प छैन ।

## ५.३ सुझावहरु

यो अनुसन्धानका प्राप्ति र निष्कर्षका आधारमा सरोकारवाला सबैकालागि उपयोगी बन्न सक्ने निम्न लिखित सुझावहरु प्रस्तुत गरिएका छन् :

### ५.३.१. नीतिगत तह

गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालयको अनिवार्यतालाई सबै विद्यालयमा लागु गर्नुपर्ने नीतिगत व्यवस्था गर्नुपर्ने ।

शिक्षा नियमावलीमा संशोधन गरी बालमैत्री विद्यालयप्रति प्र.अ.को भूमिकालाई प्र.अ.को काम, कर्त्तव्य र अधिकार भित्र समेट्नु पर्ने,

बालमैत्री विद्यालयको अवधारणा पूर्व प्राथमिक वा शिशु कक्षा देखि कक्षा ५ सम्म अनिवार्य लागू गर्नुपर्ने ,

गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप (२०६७) लाई नेपाल सरकार, शिक्षा मन्त्रालय, शिक्षा विभागले जि.शि.का. मार्फत सव विद्यालयलाई उपलब्ध गराउन नीतिगत व्यवस्था गर्नुपर्ने, देशका सवै विद्यालय बालमैत्री हुनुपर्ने नीतिगत निर्णय गर्नुपर्ने ।

बालमैत्री विद्यालयमा वि.व्य.स. गठन गर्दा ठाडो राजनीतिक हस्तक्षेप नहुनेगरी सवै सरोकारबालाहरुको सर्वसम्मति हुनेगरी नीतिगत व्यवस्था गर्नुपर्ने ।

बालमैत्री विद्यालयका सबै शिक्षकहरु अनिवार्य रुपमा तालिम प्राप्त हुनुपर्ने ।

बालमैत्री विद्यालयका ९ पक्षहरुलाई पूर्ण सुधार र व्यवस्थि तगर्न आर्थिक अनुदान सहितको नीतिगत व्यवस्था गर्नुपर्ने ।

तीन वर्षे पूर्व प्रा.वि. (कक्षा-१ भन्दा अगाडि) व्यवस्था नीतिगत रुपमा नै गर्नुपर्ने ।

गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप २०६७ को प्रयोग सबै विद्यालयमा अनिवार्य गर्नुपर्ने ।

प्र.अ.लाई समेत बालमैत्री तालिमको अनिवार्य व्यवस्था गर्नुपर्ने ।

### ५.३.२ कार्यान्वयन तह

बालमैत्री विद्यालय र बालकेन्द्रित सिकाइ प्रक्रियाका लागि सरोकारवालाहरुलाई समय-समयमा जानकारी दिने गरी छलफल, गोष्ठी, कार्यशाला र दिवसहरु नियमित रुपमा गर्नुपर्छ । सरोकारबालाको सहभागितामा बृद्धि, सरसहयोग गर्ने वातावरणको तयारी, विद्यालय र सरोकारवाला बीचको सम्बन्धलाई प्रगाढ बनाउनु पर्छ ।

बालबालिकाका लागि भौतिक रुपमा सुरक्षित, सम्बेगात्मक रुपले रमाइलो, मनोवैज्ञानिक रुपमा उच्च मनोबल महसुस हुने बातावरण बनाउनुपर्छ ।

बालबालिकाको नेतृत्वमा विद्यालय र कक्षाका क्रियाकलापहरु संचालन गर्नुपर्छ ।

शिक्षक, विद्यार्थी, समिति, अभिभावक र अन्य सरोकारवालाहरुको आचारसंहिता निर्माण र प्रयोग गर्नुपर्छ ।

बालबालिकाले खेल्दै सिक्ने अवसर, आफै गरेर सिक्ने, दैनिक जीवनका आधारभूत आवश्यकक्ताहरु पहिचान गर्न सक्न अवसर दिनुपर्छ । यी र यस्ता वातावरण निर्माणमा प्र.अ.ले सक्रिय भूमिका निर्वाह गर्नुपर्छ ।

शिक्षक सहयोगी र विद्यार्थी अनुसन्धानकर्ता बालमैत्री विद्यालयमा हुनुपर्छ ।

विद्यालयको भौतिक पूर्वाधारहरुलाई क्रमशःबालमैत्री बनाउँदै जानुपर्छ । यसका लागि कक्षा १ देखि ३ सम्मलाई सबैभन्दा राम्रो कक्षाकोठाको व्यवस्था गर्नुपर्छ ।

विद्यार्थीका लागि तीनतिर हरियोपाटी, भुइँ ढलान गरी चिल्लो, भित्तामा प्लास्टर गरेर रङ्गरोगन गर्नुपर्छ । विद्यार्थीहरुलाई बस्नका लागि कपासको चकटीको व्यवस्था गर्नुपर्छ । भूँइमा कार्पेट विछयाउनुपर्छ ।

प्र.अ.ले समय-समयमा मसलन्द सामाग्रीको व्यवस्थापन कक्षा शिक्षकको सल्लाहमा गर्नुपर्छ, स्थानीय सामाग्रीको निर्माण र प्रयोगमा जोडदिनुपर्छ, कक्षालाई भौतिक रुपमा सम्पन्न र विद्यार्थीको पहुँच अनुकुल बनाउँदै जानुपर्छ ।

बालबालिकाका लागि स्वच्छ खानेपानी, सफा चर्पी, छात्र र छात्राका लागि छुट्टाछुट्टै चर्पी, हातमुख गोडा धुने धाराको व्यवस्था गर्नुपर्छ ।

बालबालिकाहरुको रुचि, आवश्यकता, क्षमता, परिवेश तथा विकासक्रम र विशेषतालाई ध्यानमा राखी क्रियाकलापमा आधारित सिर्जनात्मक तथा सहभागिता मूलक बालकेन्द्रित सिकाइ प्रक्रियाका लागि शिक्षक सधै तत्पर र उत्साहित हुनुपर्छ ।

प्र.अ.ले विद्यालयका लागि जि.शि.का., स्थानीय निकाय, विभिन्न संघसंस्थासँग सहयोग लिन वि.व्य.स. र शि.अ. संघको बैठक नियमित रुपमा राख्नुपर्छ । उनीहरुलाई विद्यालयको रचनात्मक सहयोगका लागि क्रियाशील बनाउन पनि प्रअ.ले भूमिका खेल्नुपर्छ ।

### ५.३.३ अनुसन्धान तह

सिरहा जिल्लाको सीमित क्षेत्रमा गरिएको प्रस्तुत शीर्षकको अध्ययनलाई गहन रुपमा चिन्तन मनन गरी सम्बन्धित निकायले राष्ट्रिय स्तरको अध्ययन अनुसन्धान गर्न थप प्रोत्साहन गर्नुपर्ने देखिन्छ । यसले आगामी अुनसन्धानलाई महत्वपूर्ण मार्गदर्शन प्रदान गर्नेछ । भावी अनुसन्धानका लागि थप सम्भाव्य शीर्षकहरु निम्न बमोजिम सुझाइएको छ :

बालमैत्री विद्यालयका समस्याहरुको पहिचान : एक अध्ययन

शैक्षिक ऐन वा शिक्षा नियमावलीले बालमैत्री विद्यालयमा पारेको प्रभाव : एक अध्ययन

गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालयमा शिक्षकहरुको भूमिका

बालमैत्री विद्यालयमा बालबालिकाहरुको भिन्न भिन्न उमेरले पारेको असर

गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालयको आवश्यकता : एक अध्ययन

अत : यस अनुसन्धानमा गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालयमा प्र.अ.को भूमिकाको मात्र अध्ययन गरिएकोले विद्यालयको आर्थिक अवस्था, प्रशासनिक क्षमता, पारदर्शिता, मितव्ययिता, शैक्षिक व्यवस्थापन जस्ता क्षेत्रमा प्र.अ.को सक्रियताको लेखाजोखा गरी अन्य उपागमहरुको खोजी गरी अध्ययन गर्न सके बालमैत्री विद्यालय गुणस्तरीय हुने र यसका प्र.अ. को भूमिकामा बृद्धि हुने कुराको विश्वास गर्न सकिन्छ ।

# सन्दर्भ सामाग्री

खनाल, पेशल (२०६३) *शैक्षिक अनुसन्धान पद्दति,* किर्तिपुर, स्टुडेन्टस बुक सेन्टर ।

शर्मा, गोपीनाथ (२०६५) *नेपालमा शिक्षा आयोगका प्रतिवेदनहरु २०६३,* काठमाण्डौः पैरवी प्रकाशन ।

लौडारी , युवराज/अधिकारी पवनकुमार *बालकेन्द्रित क्रियाकलापको सँगालो भाग-१ (२०६७)* विद्यार्थी पुस्तक भण्डार भोटाहिटी, काठमाण्डौ ।

शिक्षामन्त्रालय, शिक्षा विभाग *बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप (२०६७)* सानोठिमी, भक्तपुर

*शिक्षक मासिक (माघ, २०६९)* सीता नोवेल न्युज सेन्टर, लहान

काफ्ले, बासुदेव र श्रेष्ठ चन्द्रबहादुर, सिन्हा रामस्वरुप(२०६३) *शैक्षिक प्रशासन र सुपरिवेक्षण,* भोटाहिटी, काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार

शर्मा, चिरञ्जीवी र निर्मला (शर्मा एण्ड शर्मा), *शैक्षिक प्रविधि र अनौपचारिक शिक्षा २०६६,* एम. के. पब्लिशर्स एण्ड डिस्ट्रिब्युटर्स, भोटाहिटी काठमाण्डौ ।

*शिक्षा नियमावली* .२०५९ छेठौ संशोधन

लक्सम, राम बहादुर (२०६६) *प्राथमिक विद्यालयको शैक्षिक व्यवस्थापनमा महिला र पुरुष प्र.अ. को भूमिका तुलना,* त्रिभुवन विश्वविद्यालय : शैक्षिक योजना तथा व्यवस्थान विभाग ।

कोइराला, पार्वती देवी (२०६६), *तनहुँ जिल्लाको सामुदायिक विद्यालयमा शिक्षण सिकाय सुधारका लागि प्रधानाध्यापकको व्यवस्थापकीय भूमिका एक अध्ययन,* त्रिभुवन विश्वविधालय शैक्षिक योजना तथा व्यवस्थापन विभाग ।

काफ्ले, बासुदेव र पौडेल, गिरिराज (२०६४), *शैक्षिक व्यवस्थापन तथा संगठनात्मक व्यवहार,* काठमाण्डौ : जुपिटर पब्लिकेशन प्रा.लि. ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रबहादुर (२०६२) *शैक्षिक व्यवस्थापन तथा संगठनात्मक व्यवहार,* भोटाहिटी, काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।

गौतम, तिलक (माघ, शिक्षक, २०६९) *बालमैत्री विद्यालय : वर्तमान अवस्था र अबको बाटो*।

*विद्यालय सुधार योजना २०६९,* श्री प्राथमिक विद्यालय वस्तीपुर-८, सिरहा ।

*विद्यालय सुधार योजना २०६९,* श्री जनता नि.मा.वि. घलेटोल, बस्तीपुर -४, सिरहा ।

# अनुसूची - १

विद्यालय सर्वेक्षण फाराम

१. विद्यालयको नाम :

२. विद्यालयको भवन कच्ची पक्की

संख्या

३. विद्यार्थी संख्या छात्र छात्रा

४. शिक्षक संख्या पुरुष महिला

५. फर्निचर विवरण मेच बेन्च टेवल दराज स्टुल कालोपाटी अन्य

६. स्व-मूल्याङ्कनका आधारमा सरोकारवालाहरु (प्र.अ./शिक्षकहरु, वि.व्य.स., अभिभावकहरु, विद्यार्थीहरु)ले बालमैत्री विद्यालयका लागि राष्ट्रिय मापदण्ड र यसका सूचकहरुका आधारमा नौ पक्षहरुमाथि न्युनतम र अपेक्षित मापदण्ड आधारमा तैयार पारेको विवरण :

| क.स. | बालमैत्री विद्यालयका पक्षहरु | २०६९ | २०७० | २०७१ |
|---|---|---|---|---|
| १. | प्रभावकारिता | | | |
| २. | समावेशीकरण | | | |
| ३. | शिक्षामा लैङ्गिकपक्ष | | | |
| ४. | बालबालिका, परिवार र समुदायको सहभागिता | | | |
| ५. | स्वास्थ्य, सुरक्षा र बचाबट | | | |
| ६. | विद्यालयको भौतिक अवस्था | | | |
| ७. | शिक्षण सिकाइ प्रक्रिया | | | |
| ८. | मातृभाषामा शिक्षण सिकाइ | | | |
| ९. | विद्यालय व्यवस्थापन | | | |

७. बालकेन्द्रित शिक्षण विधिका लागि आवश्यता सामाग्रीहरु छ छैन ?

८. कुन-कुन संघ/संस्थाले शैक्षिक तथा भौतिक पूर्वाधार सहयोग गरेको छ ?

९. बालमै त्री शिक्षण कार्यक्रम कहिले देखि लागु भएको हो ? कि लागु भएको छैन ?

# अनुसूचि २

लक्षित समूहसँग .राखिएका प्रश्नावलीहरु

नामः

ठेगाना :

कक्षा :

१. तिम्रो विद्यालय आउन कति समय लाग्छ ?

.........................................................................................................

२. तिम्रो विद्यालयको शिक्षकहरुले कस्तो शिक्षण विधिको प्रयोग गर्नुहुन्छ ? वा कसरी पढाउनुहुन्छ ?

.........................................................................................................

३. तिम्रो विद्यालयमा छात्र र छात्रावीच कुनै भेदभाव हुने गरेको छ ? छ भने कस्ता खालका भेदभाव हुने गरेका छन् ?

.........................................................................................................

४. विद्यालयमा तिम्रो बुवा आमा आउनु हुन्छ कि हुन्न ?

.........................................................................................................

५. विद्यालयमा तिमीहरुलाई भिटामिन, जुकाको औषधी खुवाउँछ कि खुवाउँदैन ?

.........................................................................................................

६. शिक्षकले पढाउनुहुँदा खेल सामग्री, गीत, कथा, कवित, नाच, हाउभाउ देखाउनु हुन्छ कि हुन्न ?

.......................................................................................................

७. के तिमीलाई सधै विद्यालयमा पढन जान मन लाग्छ ?

.......................................................................................................

८. मातृभाषा (घरमा बोल्ने भाषा) मा पढाउनुहुन्छ कि हुन्न ?

.......................................................................................................

९. तिम्रो विद्यालयमा चाकाचुली, पिङ, चिप्लेटीहरु छ  कि छैन ?

.......................................................................................................

१०. तिमीलाई शिक्षक/शिक्षिकाको डर लाग्छ कि माया लाग्छ ?

.......................................................................................................

११. तिम्रो विद्यालयमा शौचालय (चर्पी), खानेपानी (कल) छ कि छैन ?

.......................................................................................................

१२. तिम्रो विद्यालयमा दिवा खाजा (नास्ता) मा के-के खान्छौ ?

.......................................................................................................

# अनुसूचि ३

शिक्षक/महिला शिक्षकसँग सोधिएका प्रश्नावलीहरु :

विधालयको नाम : शिक्षण अनुभव वर्ष :

शिक्षकको नाम : स्थायी/अस्थायी :

शैक्षिक योग्यता :

१. बीचैमा कक्षा छाड्ने विद्यार्थी छन् कि छैन ? छन् भने किन ?

..........................................................................................................

२. विद्यालयमा के-कस्ता (जातजाति, धर्म, संस्कृति, आर्थिक अवस्था) विद्यार्थीहरु पढ्छन् ?

..........................................................................................................

३. कति टाढासम्मका विद्यार्थीहरु पढ्न आउँछन् ?

..........................................................................................................

४. विधालयको कुनैपनि कार्यक्रममा छात्र र छात्राको समान सहभागित गराउनु भएको छ कि छैन ?

..........................................................................................................

५. विद्यालयमा कति जना महिला शिक्षकहरु छन् ?

..........................................................................................................

६. विद्यालयमा अभिभावकहरु बालबालिकाको प्रगति बुझ्न आउने गरेकाछन् कि छैनन् ?

....................................................................................................

७. विद्यालयमा तालिम प्राप्त स्वास्थ्यकर्मीबाट बर्षको कतिपटक बाल-बालिकाको स्वास्थ्य परीक्षण गारउनु भएको छ ? उक्त विवरण दुरुस्त राख्नुभएको छ ?

..........................................................................................................

८. विद्यालयमा झयालढोका सहतिको सजिलै चुकुल लागउन र खोल्न सकिने चालु अवस्थाको शौचालय कतिवटा छन् ?

............................................................................................................

९. तपाईले तालिमबाट सिकेका कुराहरुलाई कक्षाकोठामा प्रयोग गर्नुभएको छ ?

...............................................................................................................

१०. मातृभाषासँग सम्बन्धित अतिरिक्त क्रियाकलाप संचालन महिनामा कतिपटक भएको छ ?

...........................................................................................................

११. के.वि.व्य.स.को बैठकमा बालमैत्री बातावरणमा सिक्न पाउने विद्यार्थीहरुको अवस्थालाई सुनिश्चित गर्ने विषयमा एजेण्डा, छलफल र निर्णय हुने गरेको छ ?

.................................................................................................

# अनुसूचि ४

प्र.अ.को लागि सोधिएको अन्तर्वार्ता प्रश्नावलीहरु :

विद्यालयको नाम : सेवा अवधि :

नाम : योग्यता :

स्थायी /अस्थायी : तालिम :

१. तपाईको विद्यालयमा विद्यार्थीहरुको बार्षिक औसत उपस्थिति (कुल २१० दिन प्रतिवर्ष ) कति छन् ?

.................................................................................................................

२. तपाईको विधालयमा बालमैत्री कार्यक्रम लागु भएपछि विधालयलाई के -कस्ता सुविधाहरु प्राप्त भएको छ ?

.........................................................................................................

३. विद्यालयको गतिविधिमा सरोकारवालाहरुको सहभागिता हुन्छ कि हुदैन ?

.......................................................................................................................

४. छात्र र छात्राको समान सहभागिताप्रति के तपाईको साच्चिकै सहयोग रहेको छ ?

.......................................................................................................................

५. हरेक बालबालिकाको व्यक्तिगत स्वास्थ्य विवरण दुरुस्त राख्नु भएको छ कि छैन ?

...................................................................................................................

६. तपाईको विद्यालयमा बालबालिकाहरुलाई भौतिक, शारीरिक दण्ड/सजाय निषेध गरिएको छ कि छैन ? छ, छैन भने किन ?

.......................................................................................................................

७. यो विधालयको भवन भुकम्प निरोधक हो कि होइन ?

..........................................................................................................

८. तपाइको विधालयमा के -कस्ता शैक्षिक सामाग्रीहरु उपलब्ध छन् ? तिनको प्रयोग शिक्षण क्रियाकलापमा भएको छ त ?

..........................................................................................................

९. विधालयका शिक्षकहरुले मातृभाषा, बुहभाषिक, पुनर्ताजगी, टिपिडी, बालमैत्री सहित के-कस्ता तालिम लिएका छन् ?

..........................................................................................................
..

१०. वि.व्य.स. को के कस्तो कहयोग पाउनु भएको छ ?

..........................................................................................................

११. बालबालिकाहरुको पठनपाठनप्रतिको रुचि कस्तो पाउनु भएको छ ?

..........................................................................................................
..

१२. तपाईको विद्यालयमा बालमैत्री कार्यक्रम कहिलेदेखि लागू भएको हो ?

..........................................................................................................

१३. बालमैत्री कार्यक्रम लागु भएपछि पहिलोभन्दा तुलनात्मक सुधारहरु के-के भएका छन् ?

..........................................................................................................

# अनुसूची ५

वि.व्य.स. अध्यक्ष/अभिभावकसँग राखिएको अन्तर्वार्ता

नाम : ठेगाना :

योग्यता : उमेर :

पद :

बार्षिक आम्दानी :

१. तपाईको परिवारमा सदस्य संख्या ?

(क) जम्मा (ख) छोरा (ग) छोरी

२. छोराछोरीको जानकारी लिन विद्यालयमा कतिको जानुहुन्छ ?

.................................................................................................................

३. छोराछोरी फेल भएका छन् छैनन् ? फेल भएर स्कुल छाडेका छन्, छैनन् ?

.................................................................................................................

४. वि.व्य.स.को बैठक महिनामा कति पटक हुने गरेको छ ? थाहा छ, छैन ?

................................................................................................................

५. विद्यालयमा शिक्षकहरुले तपाईका छोराछोरीहरुलाई कुट्ने पिटने, सजाय दिने गरेका छन् कि छैनन् ?

.........................................................................................................

६. तपाईका छोराछोरीहरु विद्यालयमा पढ्न जान कति मन गर्छन् वा अल्छी मान्छन् ?

..........................................................................................

७. विद्यालयको पढाइ र छोराछोरीको उपलब्धिप्रति कतिको सन्तुष्ट हुनुहुन्छ ? ..............................................................................................

८. के विद्यालयमा अभिभावक शिक्षक सँघ गठन भएको छ ? शिक्षकहरु र अभिभावक बीच छलफल, बैठक, हुने गरेको छ ?

...................................................................................................

९. तपाई छोराछोरीहरुलाई पोषिलो खाजा आफै दिएर पठाउनुहुन्छ कि विद्यालयले दिने गरेको छ ?

.................................................................................................

१०. तपाईका छोराछोरीहरुले पुरस्कार, छात्रवृत्ति, पाठ्यपुस्तकहरु पाएका छन् छैनन् ?

.................................................................................................

११. विद्यालयमा देखिएका समस्याहरुको समाधानका लागि अभिभावकहरुले कस्तो भुमिका खेल्नुपर्ला ?

.................................................................................................

# अनुसूची ६

श्रोतव्यक्ति लागि प्रश्नावली

श्रोतव्यक्तिको नाम :

श्रोत केन्द्र र ठेगाना :

यो प्रश्नावली एम.एड. दोश्रो वर्षको अंशिक आवश्यकता पूरा गर्न गरिने अनुसन्धानको प्रयोजनका लागि मात्र तयार गरिएको छ । यसबाट प्राप्त जानकारीलाई अन्य कार्यमा प्रयोग गरिनेछैन । तसर्थ आफ्नो सही धारणा राखी अनुसन्धान कार्यमा सहयोग गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

१. तपाइँ श्रोतव्यक्ति रहनुभएको श्रोतकेन्द्रमा बालमैत्री कार्यक्रम लागू भएका जम्मा कति वटा विद्यालयहरु छन् ? ती कुन-कुन हुन् ?

..................................................................................................................

२. ती बालमैत्री विद्यालयको वर्तमान स्थितिप्रति सन्तुष्ट हुनुहुन्छ ?

..................................................................................................................

३. गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालयमा प्र.अ.को भूमिका के-कस्तो पाउनु भएको छ ?

..................................................................................................................

४. बालमैत्री विद्यालयको गुणस्तरीय शिक्षामा असर पार्ने तत्वहरु के-के हुन् ?

..................................................................................................................

५. बालमैत्री विद्यालयमा देखिएका समस्याहरु के-के छन् ?

..................................................................................................................

६. बालमैत्री विद्यालयका समस्या समाधानका केही उपायहरु बताउनुहोस् ।

.........................................................................................................................

शोधकर्ता

उद्धब हमाल

सु.स.मो.या.ब.क्याम्पस
सिरहा एम.एड. दोश्रो वर्ष

# अनुसूची : ७

| **प्र.अ. को व्यक्तिगत विवरण**<br><br>अनुसूची ४ को प्रश्नानुसार प्र.अ.ले दिनुभएको तथा सोधिएको उत्तर अनुसारको विवरण | श्री प्रा.वि. बस्तीपुर-८ | श्री ज.नि.मा.वि. घलेटोल बस्तीपुर - ४ | कैफियत |
|---|---|---|---|
| शैक्षिक योग्यता | वि.कम. | आइ. ए. | |
| स्थायी /अस्थायी | स्थायी | स्थायी | |
| तालिम | प्राप्त | प्राप्त | |
| सेवा अवधि | २१ बर्ष | २३ बर्ष | |
| सामाजिक जिम्मेवारीको अवस्था | छैन | छैन | |
| कविता, लेख, रचना<br><br>(प्रकाशित/अप्रकाशित) | छैन | छैन | |
| विद्यालयमा दिइने समय | पुरै २१० दिन | पुरै विद्यालय खुलेका दिन | |
| रुचिको क्षेत्र | अध्ययन /अध्यापन | अध्यापन | |

*स्रोत : स्थलगत अध्ययन २०७१*

## अनुसूची : ८

**शिक्षक, प्र. अ., वि.व्य.स. अध्यक्ष, छात्रछात्रा, अभिभावक, श्रोतव्यक्तिको प्रतिक्रिया**

| शिक्षकको भनाइ | प्र.अ.को भनाइ | अध्यक्षको भनाइ | छात्रछात्राको भनाइ | अभिभावकको भनाइ | श्रोतव्यक्तिको भनाइ |
|---|---|---|---|---|---|
| विधार्थीको उमेर, विधालयको दुरी, शिक्षक र विधार्थी अनुपात, उमेरको अन्तर र शारीरिक भिन्नता शैक्षिक सामग्रीको उपलब्धता र प्रयोग, भौतिक सुविधाको पर्याप्तता, सम्बन्धित निकायबाट विधालयको निरीक्षण, पेशागत सन्तुष्टि, मातृभाषाको ज्ञान कक्षा परीक्षाका | बालबालिकाले निर्धक्क रुपमा रमाइलो बातावरणमा सिक्नु पाउनु हो । सन्दर्भ सामग्रीको उपलब्धता, विधार्थीको नियमितता, सम्बन्धित विषयप्रतिको झुकाब, अभिभावकको चेतना स्तर, विधालयमा बाहिरी हस्तक्षेप, तल्लो कक्षाको सिकाइ उपलब्धि, शिक्षकको तालिम र शैक्षिक योग्यता, शिक्षकमा शैक्षिक सामाग्री निर्माण | घर परिवार तथा समुदायको जातीय बनोट, विद्यालयमा राम्रो बातावरण, शिक्षकको पेशागत संगठनमा संलग्नता विधार्थीसँगको सम्बन्ध, परिवारको संख्या र आम्दानी स्रोत, खाजा तथा खानाको नियमितता र पोषणको स्थिति, शिक्षकको उमेर र लैङ्गिक पक्ष, शिक्षकको अनुभव, | खेल्न पाउने, बाबुआमाबाट पढाइमा सहयोग, विधार्थीले घर-परिवार तथा शिक्षकहरुबाट पाउनेमाया, रमाइलो बातावरण, कक्षाकोठामा बस्न, पढन र खेल्न पाउने, गीत गाउने, नाच्ने, स्कुलमा खाजा खाने, सधै स्कुल जान | सामाजिक अवस्था, घरायसी काम, घरमा रेडियो, टिभी, मोबाइलको सुविधा, विधार्थीले घरको काममा दिनुपर्ने समय, शैक्षिक, आर्थिक र राजनीतिक कारण, अभिभावकको चेतनास्तर, शिक्षाको अवस्था र पेशा, घरपरिवार र समाजमा बोलिने भाषा, जि.शि.का. | शिक्षण-सिकाइ क्रियाकलाप, पाठ्यपूतकको सहज उपलब्धता, विधार्थीको व्यक्तिगत गुण तथा अभिबृद्धि कक्षा क्रियाकलापमा विधार्थीको सहभागिता खेल तथा शैक्षिक सामाग्रीहरुको पूर्णता, उत्प्रेरणा, वि.व्य.स.को निगरानी, निरन्तर मूल्याङ्कन प्रक्रिया, बालमैत्री र टिपीडि तालिम, पेशागत |

| | | | | | |
|---|---|---|---|---|---|
| निरन्तरता | र प्रयोग गर्ने कौशल | विधालयको भौतिक पूर्वाधार । | मन लाग्ने । | बाट निरीक्षण, वि.व्य.स. सलाई दायित्व बोध । | प्रतिबद्धता,, निरीक्षण, अनुगमन् विभिनन संघसंस्थाको सहयोग |

स्रोत : स्थलगत अध्ययन, २०७१

# अनुसूची : ९

**बालमैत्री कार्यक्रम लागु भएका विद्यालयको भौतिक अवस्था**

| सर्भे फारामले विद्यालयको बारेमा मागेको विवरण | श्री प्रा.वि. वस्तीपुर ८ | जम्मा | श्री ज.नि.मा.वि. घलेटोल बस्तीपुर ४ | जम्मा |
|---|---|---|---|---|
| विद्यालयको भवन | कच्ची = पक्की = ३ | कोठा ७ | कच्ची = पक्की =४ | कोठा ८ |
| विद्यार्थी संख्या | छात्रा =८८ छात्र =९२ | १८० | छात्रा = १०७ छात्र =१२३ | २३० |
| शिक्षक संख्या | महिला= ३ पुरुष=२ | ५ | महिला= २ पुरुष=४ | ६ |
| फर्निचर | मेच =५० बेन्च =५० ,टेवल = २ दराज= ३ स्टुल = कालापाटी=५, कुर्सि = ५ | ११५ | मेच = ६५, बेन्च =६५, टेवल =२ दराज=२, कुर्सि =८ कालोपाटी=८ | १५० |
| अन्य | फ्लासबोर्ड, कार्पेट चकटी | | कार्पेट चकटी | |

| | | | | |
|---|---|---|---|---|
| शैक्षिक सामाग्रीहरु | पाठयपुस्तक, पकेटबोर्ड, फ्लासकार्ड, चार्ट, सिन्का, चक, डस्टर | | क्यालेन्डर, फ्लासकार्ड, फ्लासबोर्ड, चार्ट, चक, डस्टर | |
| सहयोगी संस्था | युनिसेफ, रेस्ट | २ | सेभ द चिल्ड्रेन, जाइका, रेस्ट, भवानी एकिकृत क्लब | ४ |
| बालमैत्री कार्यक्रम लागू भएको मिति | २०६७ साल | | २०६७ साल | |

*स्रोत : स्थलगत भ्रमण*